म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १०९ शुक्रबार, १९ मंसिर २०८२ ने. सं. ११४६ थिंलागा 5 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कान्तिलोकपथ ६० दिन दिउँसो बन्द हुने

हेटौंडा, १८ मंसिर/काठमाडौं उपत्यकालाई मकवानपुरसँग जोड्ने छोटो दूरीको कान्तिराजपथ (कान्तिलोकपथ) मा सवारी आवागमनमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय ललितपुरले एक सूचना जारी गर्दै सडक स्तरोन्नतिको कामका लागि ६० दिनसम्म दिउँसोको समयमा सवारीसाधन सञ्चालनमा रोक लगाएको हो । प्रशासनले जारी गरेको सूचनाअनुसार २०८२ मङ्सिर २० गतेदेखि लागू हुने गरी ६० दिनसम्म बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म यो सडक खण्डमा सवारी आवागमन पूर्ण रुपमा बन्द हुनेछ । कान्तिराजपथ सडक योजना, एकान्तकुनाको पत्रानुसार सडक खण्डका विभिन्न स्थानमा सडक फराकिलो बनाउने र कटिङको काम भइरहेको छ । निर्माणकार्यलाई प्रभावकारीरुपमा सम्पन्न गर्नका लागि सवारी आवागमन रोक लगाएको जिल्ला प्रशासन ललितपुरलेले जनाएको छ । मङ्सिर २० गतेदेखि कान्तिराजपथ हुँदै यात्रा गर्ने यात्रु तथा सवारीचालकले तोकिएको समय बिहान ११ देखि ५ बजे बाहेकको समयमा मात्र यात्रा गर्न वा अन्य वैकल्पिक सडक प्रयोग गर्न सुझाव दिइएको छ ।

### गाउँपालिकाको मिलेमतोमा कि आँखा चिम्लिएको ?

# माटोको नाममा चुनढुंगाको अवैध उत्खनन्

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ उद्योगका खानीक्षेत्रबाटै, राष्ट्रिय वनक्षेत्र वा व्यक्तिको जग्गाबाट अवैधरुपले चुनढुंगा उत्खनन् भइरहेको पाइएको छ । चुनढुंगा रहेको भूभाग सरकारको सम्पत्ति हुने र उत्खनन् गर्न खानी तथा भूगर्भ विभागको स्वीकृति अनिवार्य रहेको कानुनी व्यवस्था भएपनि स्थानीय सरकारकै मिलेमतोमा चुनढुंगाको अवैध उत्खनन् भइरहेको हो ।

मकवानपुरगढी र बकैया गाउँपालिकाको सीमाक्षेत्रमा पर्ने चपकी खानीक्षेत्रको पूर्वतर्फबाट महिनौदेखि चुनढुंगा उत्खनन् भइरहेको हो । मकवानपुरगढी–८, स्थित चपकी खानी शिवम् सिमेन्टको नाममा दर्ता छ । खानीक्षेत्रको पूर्वतर्फ बकैयाको १२ नम्बर वडाबाट चुनढुंगाको अवैध उत्खनन् भइरहेको छ । अवैध तरिकाले उत्खनन् भइरहेको ठाउँ राष्ट्रिय वनक्षेत्रभित्र पर्छ । त्यहाँबाट चुनढुंगा उत्खनन् गनूपूर्व हजारौं रुख र बोटविरुवा मास्दै सडक बनाइएको छ । वनक्षेत्र मास्दै राष्ट्रको बहुमूल्य सम्पत्ति अवैधतवरले उत्खनन् र बिक्रीवितरण भइरहँदा पनि स्थानीय सरकार बेखबर छ ।

खानी तथा भूगर्भ विभागदेखि जिल्ला प्रशासन कार्यालय मकवानपुरले आँखा चिम्लिएको स्थानीयको आरोप छ । जग्गाधनी भनिएका सुकलाल नेसुरलाई बकैया गाउँपालिकाले १३ कार्तिक २०८२ मै दिएको उत्खनन् र बिक्रीसम्बन्धी अनुमतिपत्रमा जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई पनि बोधार्थ दिइएको छ । अनुमति दिनुअघि चुनढुंगा हो वा होइन यकिन गरिदिन खानी विभागलाई पनि अनुरोध गरिएकोमा विभागले वेवास्ता गरेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेलले साझाकुरालाई बताए । गाउँपालिकाले नेसुरको नाममा माटो र ढुंगा उत्खनन् र बिक्री गर्न अनुमति दिएको पत्रबाट खुल्छ । तर, नेसुरले निर्माण कम्पनी लगाएर माटो भन्दै चुनढुंगा उत्खनन् गरी बिक्री गरिरहेको खुलेको हो ।

बकैंयाले संघीय सरकारको एकलअधिकार क्षेत्रमाथि हस्तक्षेप गर्दै बहुमूल्य खनिजको अवैध उत्खनन् गरेको हो । प्रचलित कानुनका दफाको ठाडो उल्लघंन गर्दै पालिकाले 'कमाउ धन्दा' चलाउनकै लागि चुनढुंगालाई सामान्य 'ढुंगा–माटो' को संज्ञा दिएर उत्खनन् अनुमति दिएको खुलेको छ । चुनढुंगा उत्खनन् गर्न अधिकांश कानुनी प्रक्रिया खानी तथा खनिजपदार्थ ऐन २०४२, नियमावली २०५६, वन ऐन २०७६, नियमावली २०७९ पर्दछ । बकैंयाले आफूलाई सर्वाधिकार सम्पन्न ठान्दै गरेको यो निर्णय गैरकानुनी देखिएको छ । 'खानी तथा खनिजपदार्थ ऐन २०४२' को दफा ३ मा स्पष्ट उल्लेख छ, 'नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिजपदार्थ नेपाल सरकारको सम्पति हुनेछ ।'

तर, बकैयाले यो दफालाई बेवास्ता गर्दै निजी जग्गाको खनिजमाथि आफ्नो अधिकार जमाएको छ । त्यस्तै, खनिज उत्खनन् कसले गर्न दिने भन्ने कुरा 'खानी तथा खनिजपदार्थ नियमावली २०५६' को नियम १४ को उपनियम (१) र (२) तथा अनुसूची ७ ले प्रष्ट पारेको छ । आवश्यक कानुनी प्रक्रिया पुरा गरी उत्खनन् अनुमति दिने एकमात्र आधिकारिक निकाय खानी तथा भूगर्भ विभाग हो । गाउँपालिकाले विभागको यो अधिकार खोस्दै आफैं गैरकानुनी लाइसेन्स बाँडेको हो ।

गाउँपालिकाले चुनढुंगालाई सामान्य ढुंगामाटो भनेर परिभाषित गर्न खोजेपनि कानुनले त्यसलाई अस्वीकार गरेको छ । खानी तथा खनिज नियमावली २०५६ को नियम ३ को अनुसूची १ अनुसार चुनढुंगा 'अधातु खनिज' अन्तर्गत पर्दछ र यसलाई महत्वको आधारमा बहुमूल्य खनिज मानिन्छ । गाउँपालिकाको २९ असोज २०८२ मा बसेको कार्यपालिका बैठकले वडा नम्बर १२ स्थित चपकीक्षेत्रको सुकलाल नेसुरको नाममा रहेको (कित्ता नम्बर १३२, क्षेत्रफल ११–६–२–३) जग्गामा 'ढुंगा/माटो' भनेर चुनढुंगा उत्खनन् तथा ढुवानी गर्न अनुमति दिएको हो ।

१३ कार्तिक २०८२ बाट जिल्ला प्रशासनलाई साक्षी राखेर सुरु भएको यो अवैध उत्खनन्को धन्दा जेठ मसान्त २०८३ सम्म ६५०० घनमिटर उत्खनन् गर्ने गरी दिइएको छ । गाउँपालिकाको यो निर्णयले राज्यको राजस्वमा ठूलो घाटा पुऱ्याएको छ । खानी तथा खनिज नियमावली २०५६ को नियम २१ को उपनियम (१) को अनुसूची १० अनुसार चुनढुंगाको रोयल्टी दर प्रतिटन ६० रुपैयाँ कायम छ । तर, पालिकाले यसलाई खोलाको बगरको ढुंगा–गिट्टीसरह मानेर प्रतिघन फिट मात्र ७ रुपैयाँका दरले राजस्व संकलन गरेको छ । राज्यको करोडौं मूल्य पर्ने सम्पत्तिमा पालिकाले जम्मा १८ लाख १५ हजार रुपैयाँ राजस्व लिएर राष्ट्रिय सम्पत्तिको दोहन गर्ने बाटो खोलिदिएको खुलेको हो ।

यहाँ वन ऐन र नियमावली आकर्षित हुन्छ । वन नियमावली २०७९ को नियम १०१ अनुसार वन क्षेत्रसँग जोडिएको निजी जग्गामा उत्खनन् गर्दा सीमा निर्धारण गरी नियम पालना गर्नुपर्ने हुन्छ । त्यस्तै, नियम १०२ बमोजिम सो क्षेत्रमा रुख हटाउनुपरेमा वा बाटो बनाउँदा वनक्षेत्र प्रयोग गर्नुपरेमा प्रचलित कानुनी प्रक्रिया पूरा गर्नुपर्छ । तर, बकैंयामा 'बाटो निर्माण' को बहानामा वनक्षेत्रका रुख बिरुवा जथाभावी ढालिएको छ र वनक्षेत्रमै डोजर चलाइएको छ । खानी तथा भूगर्भ विभागका सूचना अधिकारी नारायण बाँस्कोटाले चुनढुंगा खानी उत्खनन गर्ने अनुमति दिने अधिकार स्थानीय तहसँग नभएको स्पष्ट पारे ।

गाउँपालिकाले घर/जग्गा सम्याउने वा साधारण निर्माण सामग्री (ढुंगा, गिट्टी) को लागि अनुमति दिएको तर्क गरेपनि, चुनढुंगा औद्योगिक खनिजअन्तर्गत पर्ने भएकाले यसको नियमन र अनुमति विभागले मात्र दिनसक्ने बाँस्कोटाले बताए । उनले भने, 'निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा) को हकमा स्थानीय तहले केही नियमन गर्न सक्छ । तर, यदि त्यो औद्योगिक प्रयोजनमा आउने चुनढुंगा हो भने त्यसको अनुमति दिने अधिकार गाउँपालिकालाई छैन । त्यो सरासर कानुन विपरीत हो ।'



उत्खनन भइरहेको स्थान

निजी आवादी जग्गा भएको भन्ने तर्कलाई खण्डन गर्दै बाँस्कोटाले नेपालको कानुनअनुसार जमिनको लालपुर्जा व्यक्तिको भएपनि जमिनमुनि रहेका खनिजपदार्थ राष्ट्रको सम्पत्ति हुने बताए । 'जग्गा निजी होस् वा सरकारी, त्यहाँभित्र खानीजन्यपदार्थ भेटिएमा त्यो राज्यको हुन्छ । त्यसको उत्खनन्का लागि विभागकै अनुमति अनिवार्य हुन्छ,' बाँस्कोटा भन्छन् । उनले प्रमाणका आधारमा कारबाहीको प्रक्रिया अगाडि बढाउने बताए ।

डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख राकेशप्रसाद चन्द्रवंशीले अवैध उत्खनन्बारे कार्यालयलाई दुई साताअघि नै जानकारी भएको स्वीकार गरे । तर, कारबाहीमा उदासिनता देखिएको छ । वनक्षेत्रसँग जोडिएको स्थानमा भइरहेको गतिविधिबारे दुईसाता अगाडि नै गाउँपालिकालाई पत्र लेखेको बताउने डिएफओ चन्द्रवंशीले स्थलगत अनुगमन गरी उत्खनन रोक्न भने कुनै पहल गरेनन् । वन नियमावली २०७९ अनुसार वनक्षेत्रमा असर पर्ने गरी निजी जग्गामा हुने उत्खननमा वनको स्वीकृति अनिवार्य हुन्छ । तर, प्रमुख चन्द्रवंशी कानुनको पालना गराउनुको साटो 'खानी विभाग र पालिकाको जिम्मा' भन्दै पन्छिन खोजे ।

लामो समयदेखि जानकारी हुँदाहुँदै पनि मौन बस्नु र अर्को निकायलाई दोष देखाउनुले वन कार्यालयको भूमिकामाथि गम्भीर शंका उब्जिएको छ । गाउँपालिकाले चुनढुंगा नभएर व्यक्तिको जग्गाको ढुंगा निकाल्न मात्रै अनुमति दिएको गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले बताए । 'व्यक्तिको जग्गा सम्याउने, केके निकाल्ने भनेर अनुमति दिएको हो हामीले । चुनढुंगा पो निकालेछ ?, त्यो चुनढुंगा खानी त थाहा भएन' उनले भने । त्यो ढुंगा सिमेन्ट उद्योगलाई पनि बेचिरहेको प्रश्न गर्दा अध्यक्ष लामिछानेले भने, 'त्यो भए म बुझ्छु नि त ।' १२ नम्बर वडाध्यक्ष ज्ञानेन्द्र बजगाईंले आफूले सिफारिस गरेपछि गाउँपालिकाले नै एउटा पत्र लेखेर निजी जग्गा सम्याउने अनुमति दिएकाले आफूले केही गर्न नसक्ने बताए ।

'गाउँपालिकाले नै चिठी लेखेर जग्गा सम्याउन र त्यहाँबाट निस्केको ढुंगा प्रयोग गर्न अनुमति दिएको छ,' वडाध्यक्ष बजगाईंले भने । 'त्यही चिठीको आधारमा डोजर चलिरहेको हो । अब गाउँपालिकाले नै दिएपछि वडाले रोक्ने कुरा भएन ।' गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेलले आफू पालिकामा आउनु भन्दा अघि नै आईई (वातावरणीय प्रभाव मूल्यांकन) भइसकेकाले सोहि प्रक्रियाबाट अनुमति दिएको बताए । पोखेलका अनुसार पालिकाले नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी मापदण्डलाई टेकेर चुनढुंगा उत्खनन्को अनुमति दिएको छ । 'पहिला विभागसँग अनुमति दिन बारे सोधेको हो, प्रशासनलाई जानकारी गराएको हो । त्यतिबेला कसैले बोलेनन्, अहिले हाम्रो अधिकारक्षेत्र मात्रै हुँदैन नि' उनले भने ।

चुनढुंगा शिवम् सिमेन्ट सामुन्नेको जग्गामा घाटगद्दी गरी अर्को निजी उद्योग रिद्धिसिद्धि सिमेन्ट उद्योगमा बिक्री भएको छ । रिद्धिसिद्धि सिमेन्टका जिएम रेवन्त ढकालले १० गतेदेखि १६ मंसिर बुधवारसम्म २१ टिपर चुनढुंगा त्यहाँबाट आएको बताए ।

कमलादेवी खनिज उद्योग प्रालि, काभ्रेपलाञ्चोक पनौतीसँग सम्झौता गरेर चुनढुंगा ल्याएको ढकालले जानकारी दिए । अटुट कन्ट्रक्शन प्रालिसँग भने कमलादेवी खनिज उद्योगको सम्झौता भएको ढकालले बताए । 'अटुटसँग खरिद गरेको भ्याट बिल मैले कमलादेवीसँग मागेको थिएँ । भ्याट बिल पनि आयो । उसले पनि भ्याट तिरेर ल्याएको, मलाई पनि भ्याट लगाएको छ । त्यसैले मैले चुनढुंगा लिने गरेको हो' ढकालले भने । रिद्धिसिद्धि सिमेन्टको चितवन, मकवानपुरको भीमफेदी र राक्सिराङमा आफ्नै चुनढुंगा खानी छ ।

शिवम्ले भने त्यो ढुंगा उद्योगभित्र नछिरेको दाबी गरेको छ । उद्योगका माइनिङ भीपी रुपककुमार खड्काले आफ्नै उद्योग अगाडि घाटगद्दी गरेर राखेपनि गेटबाट प्रवेश नदिएको बताए । जग्गाधनी सुकलाल नेसुरलाई प्रयोग गरी योजनाबद्धरुपमै व्यवसायीले चुनढुंगा सिमेन्ट उद्योगमा बिक्री गरिरहेको खुल्न आएको छ । विगतमा खानी उत्खनन् क्षेत्रमा लामो समय अनुभव भएका एक निर्माण व्यवसायीका अनुसार यो ढुंगा, गिट्टी, बालुवाको क्षेत्रमा काम गर्ने एउटा गिरोहकै चलखेलमा भइरहेको छ ।

# राष्ट्रियस्तरको एघारौं स्क्रायबल प्रतियोगिता हेटौंडामा




साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ हेटौंडामा राष्ट्रियस्तरको स्क्रायबल प्रतियोगिता हुने भएको छ । हेटौंडा–२ स्थित बालजागृति इङ्लिस बोर्डिङ स्कुलको आयोजना तथा स्क्रायबल क्लब अफ नेपालको संयोजनमा आगामी मंसिर १९ र २० गते प्रतियोगिता आयोजना गर्न लागिएको विहिबार पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो ।

एघारौं संस्करणका रुपमा शुक्रबार र शनिबार दुईदिनसम्म चल्ने प्रतियोगितामा मकवानपुर, चितवन, काठमाडौं, भक्तपुर, गोरखा, स्याङ्जा, रुपन्देही, गुल्मी, सुर्खेत, सुनसरी, बारा, अर्घाखाँची, कैलालीलगायतका ३३ जिल्लाबाट १ सय विद्यार्थीले सहभागिता जनाउने भएका छन् । बालजागृतिका प्रिन्सिपल विनोद सुवेदीले विद्यार्थीमा शाब्दिक ज्ञानको अलावा समस्या समाधान, सीप जोखिम वहन तथा व्यवस्थापन गर्ने र कण्ठ गर्ने जस्ता सीपको विकास गराउने उद्देश्यले यो प्रतियोगिताको आयोजना गर्न लागेको बताए ।

यसअघि बिभिन्न जिल्लामा भएका जिल्लास्तरीय स्क्राबल प्रतियोगितामा उत्कृष्ट स्थान हाँसिल गरेका विद्यार्थीले राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुन लागेका हुन् । स्क्राबल खेलमा सहभागी हुने विद्यार्थीले व्यवहारिक जीवन र शैक्षिक नतिजामा उत्कृष्ट स्थान ओगट्न सफल भएको सुबेदीले बताए । विद्यालयले यस खेललाई प्राथमिकतामा राखी विद्यार्थीलाई जीवनका व्यवहारिक शिक्षा सिक्न उत्तेजित बनाउन र बौद्धिक क्षमताको अभिवृद्धि गर्न तत्पर रहने उनले बताए ।

स्क्राबल क्लबका अध्यक्ष केशवप्रसाद पराजुलीले सिकाइले मात्र सर्वाङ्गीण विकास सम्भव नहुने भएकाले स्वयंसेवी भावनाका साथ स्क्रायबल खेललाई अगाडि बढाइएको बताए । हरेक अभिभावकले यस खेलको महत्वलाई आत्मसात् गरी विद्यार्थीलाई यस खेलमा सहभागी हुन उत्प्रेरित गर्नुपर्ने उनको भनाई छ ।

नेपालको ५० भन्दा बढी जिल्लामा यो खेलसँग परिचित भइसकेको र २९ जिल्लामा खेलको संयोजक रहेको उनले बताए । प्रतियोगितामा प्रथम हुनेलाई १५ हजार, द्वितीय हुनेलाई १३ हजार र तृतीय हुनेलाई ११ हजार पुरस्कार राशीको व्यवस्था रहेको छ । चौथो, पाचौं, छैटौं र सातौंलाई क्रमशः ९ हजार, ७ हजार, ५ हजार र ३ हजार नगद पुरस्कारको व्यवस्था रहेको छ । आठौं, नवौं, दशौ हुनेलाइ ३ हजार नगद पुरस्कारको व्यवस्था रहेको छ भने, एघारौंदेखि पच्चीसौं हुनेलाइ २ हजार नगद पुरस्कार प्रदान गरिने जनाइएको छ ।

खेलबाट छनोट हुने उत्कृष्ट २५ जनाले अन्तर्राष्ट्रियस्तरको खेलमा सहभागिता जनाउने पाउने भएको छ । खेल सम्पन्न गर्न १३ लाख रुपैयाँ लागत लाग्ने अनुमान गरिएको आयोजक विद्यालय बालजागृतिले जनाएको छ । विद्यालय संचालक समितिका अध्यक्ष दिनेश भण्डारीको सभाध्यक्षतामा भएको कार्यक्रममा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण तिमल्सिना, विद्यालयका संचालक प्रेम हमाल, मोशन न्यौपाने, भानुभक्त आचार्य, विद्यालयका सहायक प्रिन्सिपल अमुल श्रेष्ठ, स्क्राबल क्लब मकवानपुरका संयोजक बिवशजंग थापालगायतको सहभागिता रहेको थियो ।

# जात्रा हेर्न थाहानगरमा शुक्रबार सार्वजनिक बिदा

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मकवानपुरको थाहा नगरपालिकाले तीनवर्षे इन्द्रायणी जात्राको अवसरमा शुक्रबार सार्वजनिक बिदा दिएको छ ।

नगर कार्यपालिकाको कार्तिक ३० गते भएको बैठकले तीनदिने जात्राको दोस्रो दिन नगर भर सार्वजनिक बिदा दिने निर्णय गरेको प्रवक्ता हिरेन्द्रकुमार रायमाझीले बताए । बिहीबार उधौली पर्वमा संघीय सरकारले सार्वजनिक बिदा दिएको छ भने २० गते शनिबार परेको छ । यसरी थाहावासीले जात्रा लाग्ने तीनैदिन बिदा मनाउन पाउनेछन् ।

करिब ३ सय ५० वर्षदेखि थाहा नगरपालिकाको इन्द्रायणीचौरमा मेला लाग्दै आएको छ । साबिकको दामन र पालुङ गाविसमा लाग्ने मेलामध्ये यो सबैभन्दा पुरानो र ऐतिहासिक मेला हो ।

सांस्कृतिकरुपले नेवार र देउला समुदायसँग प्रत्यक्ष जोडिएको इन्द्रायणी जात्राको लागि पूजाविधि अनुसारको तयारी पूरा भएको इन्द्रायणी भगवती कालाभैरव गुठी संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठले जानकारी दिए । जात्राका लागि पालुङ देउला गाउँ (इन्द्रायणीबस्ती) बाट खालीरथ पालुङ ल्याइएको छ । तीनवर्षे जात्रा तान्त्रिक विधिविधान अनुसार मनाइन्छ । जात्रा सुरुहुने चार दिनअघि अर्थात् मंसिर शुक्लद्वादशीका दिन खालीरथ देउला टोलावाट नेवार बस्ती पालुङमा ल्याउने गरिन्छ । यसरी रथ ल्याउँदा पालुङबाट नेवार समुदायकै व्यक्ति गएर बोकेर ल्याउने चलन छ ।

## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२१०९

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७–५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बजार भत्काउने तयारी पूरा

हिजोआज राप्तीरोडमा सेल लागेको हल्लाका पछाडि लाग्नेहरुको भीडले राप्तीरोडमा निकेबेर सडक जाम हुने गरेको छ । बुद्धचोक पार गर्न निकै समय लाग्न थालेको छ । यसको मतलव सडक साँघुरो भयो भन्ने दरो प्रमाण यही जाम हो । सवारीसाधन दिनहुँ बढ्दो छ र सडक दैनिक साँघुरिंदो छ । सडक फराकिलो बनाउन ढिलाई भइसकेको अवस्था छ । तर, राज्यले जनतालाई सुकुम्बासी नबनाइकनै सडक बिस्तार गर्नुपर्ने हुन्छ । हेटौंडा बजारक्षेत्रको सडक विस्तार अभियानमा अवरोध पुऱ्याउने व्यक्तिलाई कानुनी दायरामा ल्याइने जिल्ला प्रशासन कार्यालय मकवानपुरले चेतावनी दिएको छ । बुधबार सार्वजनिक गरिएको सूचनामा प्रशासनले सडक विस्तार कार्यलाई रोक्ने, व्यवसायीलाई धम्क्याउने, उक्साउने र विकास निर्माणमा बाधा पुऱ्याउने गतिविधि सहन नहुने स्पष्ट गरेको छ । सडक डिभिजन कार्यालय मकवानपुरले मंसिर ५ गते सूचना जारी गर्दै सडक विस्तारका सबै तयारी पूरा भइसकेको जनाएको थियो । त्यसयता अधिकांश व्यवसायीले पसलका सामानमा 'सेल' अफर भनेर संरचना खाली गर्दै तथा तोकिएको मंसिर २० गतेभित्रै स्थानान्तरण गर्न सहयोग गरिरहेको प्रशासनले जनाएको छ ।

तर, केही व्यक्तिले सकारात्मक सहयोगलाई निरुत्साहित गर्दै धम्क्याउने, जबर्जस्ती पसल बन्द गराउने र सार्वजनिक काममा अवरोध सिर्जना गर्ने कार्य भइरहेको भन्दै प्रशासनले गम्भीर ध्यानाकर्षण गराएको छ । सडक विस्तार कार्यमा अवरोध खडागर्ने उद्देश्यले प्रेरित कुनैपनि गतिविधिप्रति पूर्णसचेत रहेको छ । कानुनविपरीत कार्य नगर्न-नगराउन प्रशासनले अनुरोध गरेको छ । यदि कसैले सडक विस्तारमा अवरोध सिर्जना गरेमा त्यस्ता व्यक्ति वा समूहलाई विद्यमान कानुनअनुसार कडा कारबाही गरिने प्रशासनले उल्लेख गरेको छ । सडक डिभिजन कार्यालयले अघि बढाएको अभियानमा व्यापक जनसहभागिता रहेको र हेटौंडावासीले विकासका कामप्रति देखाएको समर्थन प्रशंसनीय रहेको पनि प्रशासनले जनाएको छ । सडक विस्तार कार्यमा जानीजानी अवरोध पुऱ्याउने, सार्वजनिकस्थानमा फोहोर फाल्ने, नियोजितरुपमा काम रोक्ने वा सरकारी निर्णय अवज्ञा गर्ने व्यक्तिविरुद्ध कानुनअनुसार कडा कारबाही गरिने प्रशासनले स्पष्ट पारेको छ । यस्ता गतिविधिमा संलग्नलाई व्यक्तिगतरुपमा जिम्मेवार ठहऱ्याइने सूचनामा उल्लेख छ । प्रशासनले कुनैपनि हालतमा सडक विस्तारको काम नरोकिने जनाएको छ । लामो समयसम्म सबै पक्षको असहयोग सहन नसकिने बताउँदै सडक विस्तार सफल बनाउन सबैलाई सहयोग गर्न आग्रह गरेको छ । मंसिर २० गतेबाट काम थालिने र सघाउन स्थानीय प्रशासनले आग्रह गरेको छ । सडक विस्तारका दिन शनिबारसमेत परेकाले अनावश्यक भीडभाड नगर्न प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले सर्वसाधारणलाई आग्रह गरेका छन् ।

रमाइलो हेर्न जानेहरुलाई पनि घरधनीको समर्थनमा आएको भन्ने अर्थ लाग्न सक्ने भएकाले अनावश्यक व्यक्तिहरु उपस्थित नहुन उनले आग्रह गरेका हुन् । आमनागरिकलाई अनावश्यकरुपमा उपस्थित नभई घरमै बसिदिन उनले भनेका छन् । सडक विस्तार कार्यमा अवरोध सिर्जना भए कडा सुरक्षा रणनीतिका साथ प्रस्तुत हुने पनि उनले चेतावनी दिए । विकास निर्माणमा अवरोध गर्ने छुट कसैलाई पनि नभएको उनको भनाइ थियो । जिल्लाको जनशक्तिले मात्र अपुग हुने देखिएकाले प्रदेश सरकार र डीआईजी कार्यालयमार्फत् छिमेकी जिल्लाबाट समेत थप सुरक्षाकर्मी झिकाएर परिचालन गर्ने तयारी पूरा भएको बताइएको छ । एकैपटक चार ठाउँबाट घरहरु भत्काउन सुरु गरिने रणनीति प्रशासनले लिएको छ । एउटा घर भत्काउँदा त्यहाँ सुरक्षाको पूर्ण प्रत्याभूति हुन्छ । त्यसपछि टोली अर्को घरमा जान्छ । सडक विस्तारको क्रममा हेटौंडा उपमहानगरपालिकामा ५ सय ३१ घरटहरा प्रभावित हुने भएको छ । हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा केन्द्र रेखादेखि २५-२५ गजभित्र बनेका स्थायी तथा अस्थायी प्रकृतिका ५ सय ३१ घर टहरा भत्किने भएका छन् । सडक डिभिजन कार्यालय हेटौंडाका अनुसार सडकको दायाँतर्फ २ सय ३४ र बायाँतर्फ २ सय ९७ संरचना भत्किने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०७६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर २० गते शनिबार ६ डिसेम्बर २०२५ । द्वादशी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४२ सूर्यास्त ५:०७।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोरञ्जन प्राप्त हुनेछ | तुला | : मनमा निरासा उत्पन्न हुनेछ |
| वृष | : व्यापारबाट लाभ मिल्नेछ | वृश्चिक | : समयले साथ दिनेछ |
| मिथुन | : स्वास्थ्योपचारमा खर्च हुनेछ | धनु | : रमाइलोमा दिन बित्नेछ |
| कर्कट | : मानसिक असन्तुष्टि बढ्नेछ | मकर | : जोश जागर आउनेछ |
| सिंह | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | कुम्भ | : समयले साथ दिनेछ |
| कन्या | : काम अपुरै रहने देखिन्छ | मीन | : राम्रो समाचार सुन्न पाइनेछ |

# परराष्ट्र मन्त्रालय सुधारका केही सवाल



✍ मनहरि दंगाल

नेपाल सरकार मन्त्रिपरिषद्को असोज ३० गतेको निर्णयबाट विभिन्न ११ मुलुकमा कार्यरत नेपाली राजदूतलाई नेपाल फिर्ता गर्ने निर्णय सँगसँगै परराष्ट्र मन्त्रालय पुन: राष्ट्रिय प्रशासनिक बहसको केन्द्रमा आइपुगेको छ । आधुनिक नेपाल निर्माणको क्रमसँगै अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनका लागि जैसी कोठाबाट शुरु भई मुन्सी खानाहुँदै वर्तमान अवस्थामा परराष्ट्र मन्त्रालयको रूपमा विकसित यो संस्था विविध कारणले जटिल अवस्थाबाट गुज्रिरहेको छ । राष्ट्रको अस्तित्व, अखण्डता, सार्वभौमिकता तथा राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय हित प्रवर्धनका लागि कूटनीतिक कार्य सञ्चालन गर्ने प्रमुख जिम्मेवारीमा रहेको यस संस्थाले शासकीय वर्गको बेवास्ता, राष्ट्रवादी चिन्तनमा आएको शिथिलता, राजनीतिक तथा नीतिगत अस्थिरता, शीर्षस्थ नेतृत्वको व्यक्तिवादी तथा सङ्कीर्ण सोच र विदेशीको बढ्दो अनुचित प्रभावका कारण विभिन्न समस्याको सामना गर्नु परिरहेको छ । यस लेखमा परराष्ट्र मन्त्रालय तथा यसबाट सञ्चालित हुने कूटनीतिक कार्य प्रभावकारी तवरले सञ्चालन गर्न आवश्यक सुधारका सवालमाथि चर्चा गर्ने प्रयास गरिएको छ ।

### कूटनीतिक सम्बन्ध तथा नियोगको विस्तार

हाल संयुक्त राष्ट्रसंघमा आबद्ध १९३ वटा मुलुकमध्ये १८३ वटा मुलुकसँग नेपालले द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापित गरिसकेको छ । त्यसैगरी, ३१ वटा द्विपक्षीय नियोग, ३ वटा स्थायी नियोग र १० वटा महावाणिज्य दूतावास गरी जम्मा ४४ वटा विदेशस्थित नेपाली नियोग सञ्चालित छन् । हाल सञ्चालित महावाणिज्य दूतावासहरू नेपालको द्विपक्षीय नियोग रहेका मुलुकहरूमध्ये भारतमा १, चीनमा ४, संयुक्त राज्य अमेरिकामा ३, साउदी अरबमा १ र संयुक्त अरब इमिरेट्समा १ गरी कुल १० वटा रहेकाले समग्रमा ३३ वटा मुलुकमा मात्र नेपाली नियोगहरूको उपस्थिति रहेको छ ।

संख्यात्मक हिसाबमा नेपालको धेरै वटा मुलुकसँग द्विपक्षीय सम्बन्ध स्थापित भए पनि ती प्रभावकारी तवरबाट सञ्चालन हुनसकिरहेका छैनन् । सन्निकटमा रहेका मुलुकहरूदेखि छिमेकी मुलुक, शक्तिशाली मुलुक र प्रमुख राष्ट्रहरूसँगको सम्बन्ध त्यति प्रभावकारी हुनसकेको छैन । यी सम्बन्धहरू प्रभावकारी नहुनुमा विविध कारण छन्: दौत्य सम्बन्ध स्थापित भएका मुलुकहरूसँग गर्नुपर्ने सहकार्य तथा कारोबारको स्पष्ट खाका नहुनु, केही मुख्य क्षेत्र तथा मुलुकहरूमा कूटनीतिक उपस्थिति नहुनु, कूटनीतिक उपस्थिति रहेको ठाउँमा पनि कार्यबोझको अनुपातमा स्रोतसाधन र कूटनीतिक कर्मचारी संख्या अत्यन्त न्यून रहनु आदि ।

ठूलो संख्यामा नेपालीको उपस्थिति रहेका, सामरिक, आर्थिक तथा राजनीतिक हिसाबले समेत महत्त्व रहेका मुलुकहरू जस्तै टर्की, मध्य तथा पूर्वी अफ्रिका तथा पूर्वी युरोपियन मुलुकहरूमा नेपाली नियोगको विस्तार हुनसकेको छैन । समग्रमा, विद्यमान कूटनीतिक उपस्थिति एकदमै साँघुरो रहेको र कूटनीतिक क्रियाकलाप समेत गुणात्मक हिसाबले कमजोर अवस्थामा रहेको छ । त्यसैले, देशगत नीति तथा रणनीति तय गर्दै कूटनीतिक उपस्थिति अनिवार्य भइसकेको मुलुकहरूमा नयाँ नियोगको स्थापना गरी प्रभावकारी ढङ्गले कूटनीति सञ्चालन गर्न आवश्यक छ ।

### कूटनीतिक क्षेत्रमा राजनीतीकरण

देशको समग्र क्षेत्रमा जस्तै कूटनीतिक क्षेत्र समेत राजनीतीकरणको नकारात्मक प्रभावबाट अछुतो रहेको छैन । राजनीतिक दलहरूको परराष्ट्र नीतिमा एकरूपता छैन । परराष्ट्र नीति र सम्बन्धलाई राष्ट्रिय स्वार्थ प्राप्तिका लागि भन्दा व्यक्तिगत तथा पार्टीगत हितका निमित्त प्रयोग गर्ने प्रवृत्ति हावी छ । हाल राजदूत नियुक्तिमा ५० प्रतिशत परराष्ट्र सेवाबाट र बाँकी ५० प्रतिशत राजनीतिक नियुक्तिको आधारमा हुने प्रावधान रहेको छ । राजनीतिक दलले आ-आफ्नो सङ्कीर्ण अभीष्ट पूरा गर्नका लागि प्रचलित कानूनमा व्यवस्था भए अनुरूप ५० प्रतिशत राजनीतिक नियुक्ति गर्दा योग्य र सक्षम व्यक्तिलाई भन्दा आफ्ना आसेपासे र सेवकहरूलाई राजदूत पदमा नियुक्त दिने गर्छन् ।

अर्कोतर्फ, नेपालको विद्यमान निर्वाचन प्रणाली अन्तर्गत कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत ल्याउन गाह्रो हुने अवस्था छ । यसले सामान्यतया पाँच वर्षको एक निर्वाचन अवधिभित्र पनि विभिन्न राजनीतिक समीकरणका आधारमा नयाँ सरकार निर्माण भइरहने र प्रत्येक नयाँ सरकारले आफूभन्दा अघिल्लो सरकारले राजनीतिक रूपमा नियुक्त गरेको राजदूतलाई फिर्ता बोलाउने अभ्यासको विकास भएको छ । हालै सरकारले फिर्ता गरेको ११ जना राजदूत समेत यसै सिलसिलाको कडी हो । यस्ता अभ्यासले गर्दा राजदूत पद एकदमै अस्थिर र अनिश्चित भएको हुँदा अन्तर्राष्ट्रिय स्तरमा नै लज्जित हुनुपर्ने स्थितिको सिर्जना भएको छ । राजदूत पदको स्थायित्व भएमा मात्र विदेशस्थित नेपाली नियोगबाट सञ्चालन हुने कूटनीतिक कार्य प्रभावकारी र जवाफदेही बनाउन सकिन्छ ।

केही अपवादहरूलाई छोड्ने हो भने राजनीतिक नियुक्तिको आधारमा पठाइने राजदूतहरूमा कूटनीतिक आचरणमा मात्र नभई कार्यसम्पादनमा समेत विभिन्न समस्या देखिएका छन् । यसबाट अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि प्रज्वलित हुने भन्दा पनि धूमिल हुने गरेको प्रशस्त उदाहरण रहेका छन् । यस समस्याको निराकरणको उपाय भनेको परराष्ट्र सेवामा कार्यरत कर्मचारीहरूलाई नै राजदूत नियुक्ति दिने कानूनी व्यवस्था गर्नु हो । कर्मचारी कुनै राजनीतिक दलको कार्यकर्ता नहुने हुँदा उसले राष्ट्रको सर्वोपरि हितका निमित्त आफूलाई समर्पित गर्न सक्छ भने राजदूत पदमा पनि स्थायित्व कायम हुन्छ । स्मरण रहोस्, राजदूतहरू मूलत: परराष्ट्र सेवाका कर्मचारीबाट नै नियुक्त गर्ने परिपाटी हाम्रा छिमेकी लगायत विश्वको अधिकांश मुलुकमा छ ।

### परराष्ट्र सेवाको व्यवसायीकरणमा ह्रास

समाजका विभिन्न पेशाहरू उदाहरणका लागि चिकित्सा, इन्जिनियरिङ, पत्रकारिता आदि जस्तै परराष्ट्र सेवा पनि एक विशिष्ट पेशा हो । अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रको प्रतिनिधित्व गर्नुपर्ने हुँदा सोही अनुरूपको सीप, क्षमता तथा कुशलता आवश्यक हुन्छ । परराष्ट्र मन्त्रालयलाई विभिन्न परिबन्धमा पारी त्यसमा पनि विशेष गरी समयानुकूल विदेशस्थित नेपाली नियोगहरूमा नयाँ दरबन्दी सिर्जना गर्नुपर्दा अन्य मन्त्रालयबाट अनावश्यक सौदाबाजी गरी विदेशस्थित नियोगहरूमा परराष्ट्र सेवा बाहेकका प्रतिनिधित्व अभिवृद्धि गर्ने गरिएको छ । यी प्रयासका फलस्वरूप विभिन्न नियोगमा इकोनोमिक मिनिस्टर, काउन्सिलर, सांस्कृतिक सहचारी आदि पदहरूको स्थापना भएका छन् । श्रम, रोजगार तथा सामाजिक मन्त्रालयबाट विभिन्न श्रम गन्तव्य मुलुकमा अवस्थित नेपाली नियोगहरूमा श्रम सहचारी पठाउने अभ्यास रहेको छ ।

त्यसैगरी, हाल कायमै रहेको १० महावाणिज्य दूतावासहरूमध्ये ५ वटा महावाणिज्य दूतावासमा प्रशासन सेवाका महावाणिज्य दूतहरू कार्यरत रहेका छन् । प्रशासन सेवाबाट हुने महावाणिज्य दूतको नियुक्ति प्रचलित कूटनीतिक अभ्याससँग मेल खाने किसिमको छैन । प्राय:जसो मुलुकहरूले परराष्ट्र सेवाभित्रकै कर्मचारीहरूलाई महावाणिज्य दूतमा नियुक्त गर्ने गर्छन् । निश्चित मापदण्ड, कूटनीतिक अनुभव र आवश्यक कार्यदक्षताको सट्टा पैसा अनि राजनीतिक प्रभाव र दबाबका आधारमा यस्ता पदहरूमा नियुक्त गरिने हुँदा यसरी नियुक्ति भएर जाने कर्मचारीहरूको कार्यसम्पादन अत्यन्त कमजोर हुने गरेको छ । यसले संस्थागत स्मरण, सुशासन, कर्तव्यपालन तथा जवाफदेहितामा समेत नकारात्मक असर परेको छ । यसका अतिरिक्त परराष्ट्र मन्त्रालयका मन्त्रीमा समेत यदाकदा परराष्ट्र मामिलामा जानकार र रुचि समेत नभएका व्यक्तिहरू नियुक्त हुने गर्छन् ।

यस किसिमको नियुक्ति गर्ने अभ्यासले परराष्ट्र सेवाको व्यवसायीकरणमा ह्रास ल्याउने कार्य गरेको छ । यसको निराकरणका लागि परराष्ट्र सेवा भित्रबाट नै विषय-विज्ञको विकास गर्नुपर्दछ भने बाह्य विशेषज्ञता अनिवार्य भएको खण्डमा सक्षम, योग्य र कूटनीतिक क्षेत्रबारे जानकार व्यक्तिलाई नियुक्ति गर्ने परिपाटी विकास गर्नुपर्दछ ।

### विदेशस्थित नेपाली नियोगको सशक्तीकरण

विगत केही वर्षदेखि कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को अनुपातमा विप्रेषण भित्र्याउने मुलुकहरूको शीर्ष पाँच सूचीमा नेपाल निरन्तर पर्दै आइरहेको छ । राष्ट्रिय अर्थतन्त्रलाई जीवित राख्न विदेशमा कार्यरत नेपालीले पठाएको विप्रेषणको प्रमुख भूमिका रहेको तथ्य घाम जत्तिकै छर्लङ्ग नै छ । विभिन्न मुलुकमा कार्यरत यस्ता नेपाली नागरिकको संख्या करिब ४० लाखको हाराहारीमा रहेको अनुमान गरिएको छ । तर विडम्बना राष्ट्रको अर्थतन्त्रलाई भरथेग गर्ने हाम्रा नेपाली नागरिकको यथोचित हेरचाह र सहयोग गर्न नसकिएको तीतो यथार्थ हामीसँग छ । विदेशस्थित नेपालीलाई सेवा दिने र उनीहरूको हित संरक्षण गर्ने सरकारी निकाय विदेशस्थित नेपाली नियोगहरू हुन् । तर यी नियोगहरूमा स्रोतसाधन उपलब्ध गराउने र उपयुक्त जनशक्तिको व्यवस्थापन गर्ने विषयमा राज्य चुकेको अवस्था छ । विदेशस्थित ४० लाखभन्दा बढी नेपालीलाई अत्यन्त न्यून बजेट तथा सीमित कर्मचारी (करिब एक-डेढ सय) मार्फत सेवा प्रदान गरिरहनु परेको कटु यथार्थ हामीसँग छ । नेपाली नियोगहरूलाई सञ्चालनका लागि आवश्यक स्रोतसाधन उपलब्ध गराई तोकिएको कार्यभार जवाफदेहीपूर्ण तवरले पूरा गर्न सक्षम हुने संस्थाको रूपमा विकास गर्न अपरिहार्य भएको छ ।

### निष्कर्ष

नेपालको ऐतिहासिक विरासत बोकेको र सम्मानित संस्थामध्ये एक रहेको परराष्ट्र मन्त्रालय राजनीतिक विकृति तथा शासकीय बेवास्ताले गर्दा विषम परिस्थितिबाट गुज्रनु परिरहेको अवस्था रहेको छ । परराष्ट्र मन्त्रालय कमजोर हुँदा राष्ट्र र राष्ट्रियता नै कमजोर हुने हुँदा यसको समुचित विकास र संवर्धनमा चासो राख्नु र सहयोग पुऱ्याउनु हरेक नेपालीको कर्तव्य हुन्छ । व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर परराष्ट्र मन्त्रालय र यससँग सम्बद्ध निकायहरूको सशक्तीकरण गर्दै राष्ट्रिय स्वार्थ प्राप्तिका लागि प्रभावकारी कूटनीति सञ्चालन गर्नु आजको आवश्यकता हो ।

*(साभार: अनलाइनखबर)*

# सामाजिक सञ्जाल र एआईको सवाल

✍ प्रकाश भट्टराई

संसारमा विज्ञानले धेरै ठूलो फड्को मारेको छ । विज्ञानकै एक हाँगो कम्प्युटरले अभूतपूर्ण सफलता हासिल गरेको छ । अहिलेको जमानालाई इन्टरनेट र सामाजिक सञ्जालले काबुमा लिएको छ । प्राय: मानिसहरु यसको पहुँचमा छन् । यसले जनजीवन सहज र गुणस्तरीय बनाइदिएको तथ्य जगजाहेर छ । यसले टाढा-टाढा वा देश-विदेशमा रहेका मानिसहरुबीच सामीप्यता ल्याइदिएको छ । यसको प्रयोगबाट मानिसका विभिन्न आयामहरुको उन्नति भएको कुरा पनि छर्लंगै छ । अहिले इन्टरनेटको प्रयोगबाट भौतिकरुपमा कहीं नगईकन घरै बसेर धेरै काम गर्न सकिन्छ ।

तर चाँदनीमा पनि दाग हुन्छ भनेजस्तो केही मानिसले यसको दुरुपयोग गरेका हुन्छन् । सामाजिक सञ्जाल वास्तवमा लगामविनाको घोडाजस्तो भइरहेको छ । कोही मानिसप्रतिको क्रोध, प्रतिशोध र कुण्ठाको प्रतिफलस्वरुप केही मानिसले उनीहरुको इज्जत र प्रतिष्ठामा खलल पुग्ने गरी सामाजिक सञ्जालको दुरुपयोग गरिरहेका छन् । हरमानिसलाई इज्जत कमाउन ठूलो समय लाग्छ भने शत्रु लाग्यो भने इज्जत गुमाउन निमेषभर लाग्दैन । इज्जत भनेको जीवनको सबैभन्दा ठूलो पुँजी हो, यदि यसमा क्षय पुग्यो भने त्यो अति पीडादायी र अपूरणीय क्षति हुन जान्छ । अरुलाई मिथ्या आक्षेप लगाउने गरी सामग्री सम्प्रेषण भएको कुराले सामाजिक सञ्जाल बदनाम भइरहेको छ । अहिले डिजिटल हिंसाको जगजगी भइरहेको छ ।

अर्कोतर्फ यसले धेरैको घर भाँडेको पनि छ । सामाजिक सञ्जालको विकृत एक रुप के हो भने, वैदेशिक रोजगारीमा गएका थुप्रै पतिका पत्नी वा पत्नीका पतिहरुले परपुरुष वा परस्त्रीसँग सम्पर्क कायम गरी अनैतिक क्रियाकलाप गर्ने गरेको पाइन्छ । शुरुमा सामाजिक सञ्जालमार्फत चिनजान हुने अनि भेटघाट हुने र समयको अन्तरालमा पोइल जाने वा बहुविवाह गर्ने प्रवृत्ति व्यापक छ । सामाजिक र यौनिक विकृति बढ्नाले पारपाचुके बढ्ने एक माध्यम बनेको छ यो ।

अर्कोतर्फ यसले गर्दा मानिसहरु शारीरिक श्रमबाट विमुख भइरहेका छन् । मानिस र प्रकृतिको सामीप्यता घटेको छ, जसबाट मानिस यान्त्रिक बनिरहेको छ । उदाहरणको लागि पहिले केटाकेटीहरु खेल खेल्थे, साथीभाइसँग गफगाफ र रमाइलो गर्थे तर अहिले उनीहरु प्राय: सामाजिक सञ्जालमा व्यस्त रहन्छन् । उनीहरु एकान्तप्रेमी बनिरहेका छन् । अहिलेका धेरै केटाकेटीलाई धूलो माटोमा खेल्ने भन्ने कुरा एकादेशको कथाजस्तो भएको छ ।

अत्यधिक सामाजिक सञ्जालको प्रयोगबाट मानिसको मस्तिष्कमा गम्भीर नकारात्मक असर पर्छ भन्ने वैज्ञानिक पुष्टि भइसकेको छ । अर्को महत्वपूर्ण कुरा के छ भने, फेसबुकलगायत अन्यमा मिथ्या समाचार र जानकारीको जगजगी छ । करिब आधाजसो समाचारहरु त मिथ्या हुन्छन् । सामाजिक सञ्जालमा अभ्यस्त भएकाहरु त झुटा समाचारको प्रभावबाट बच्लान् तर समाजिक सञ्जाल भर्खर चलाउन थालेका र अन्य सोझासादा मानिसहरुले त पत्याउन विवश हुन्छन् । मानिसहरुमा यसले धेरै नकारात्मक असर पार्छ । उदाहरणको लागि बलिउडका महान् अभिनेता धर्मेन्द्रको मृत्यु भयो भनेर उनको देहावसान नहुँदै धेरै झुटा समाचारहरु सम्प्रेषित भए । यस समाचारलाई कतिले त पत्याए पनि ।

यदि सामाजिक सञ्जाल सकारात्मक तरिकाले प्रयोग गरियो भने यो महजस्तो मीठो र हितकारी हुन्छ तर नकारात्मक तरिकाले प्रयोग गरियो भने यो विष हुन्छ । कसैको चरित्र हत्या गर्ने, सार्वजनिक जीवन धारण गरेका मानिसहरुको अश्लील तरिकाले तस्वीर प्रदर्शन गर्ने, खराब टिप्पणी गरेर वाक हिंसा गर्ने, उनीहरुको नितान्त व्यक्तिगत जीवनमाथि धावा बोलेर अराजकता पेस गर्ने, एआईको दुरुपयोग गरी अरुलाई बदनाम गर्नेजस्ता कुकर्महरुले सामाजिक सञ्जालको क्षेत्रलाई दूषित तुल्याएको हो । अरुलाई सम्मान र माया गर्न नजान्ने केहीले सामाजिक सञ्जालमा आतंक फैलाइरहेका छन् । तिनीहरुमा नैतिकता, कोमलता हुँदैन । समाज, कानुन, सहिष्णुता र मानवतालाई तिनीहरु उपेक्षा गर्छन् । अरुलाई पीडा र कष्ट दिएर रमाउने वास्तवमा तिनीहरु अमानवीय हुन् ।

थुप्रै मानिसको मन अत्यन्त नाजुक हुन्छ । सानो प्रतिकूल शब्दले पनि उनीहरुको मन विक्षिप्त बन्न पुग्छ । यदि उनीहरुको नाम सामाजिक सञ्जालमार्फत बदनाम भयो भने उनीहरुले त्यो सहन सक्दैनन् र मनमा चरम पीडा अनि आफ्नो बाँच्ने औचित्य सकिएको भान हुन सक्छ । जसको परिणाम हालतसित मुकाबिला गर्न नसकेर आत्महत्याजस्तो कदम पनि उठाउन सक्छन् । विगतलाई हेर्दा भरोसालाग्दी नेपाली सिनेमाकी अभिनेत्री श्रीषा कार्कीले छापामा आफ्नो बेइज्जती भएको सहन नसकी आत्महत्या गरेको दृष्टान्त जगजाहेर नै छ ।

प्राय: सबै हामी साक्षी छौं कि सामाजिक सञ्जालमा थुप्रै निर्दोष मानिसहरुलाई बेइज्जत गर्ने प्रचलन बढ्दो छ । मन बलियो हुनेले त जसोतसो सहलान् तर मन कमजोर हुनेहरुलाई निकै आहत महसुस हुन्छ । कति एन्जाइटी, डिप्रेसनजस्ता रोगले गाँजिन्छन् । चिन्ता र अत्यासले थुप्रैलाई मानसिकरुपमा विक्षिप्त बनाइदिन्छ । केही पीडितहरुलाई मान्छेसँग डराउने मनोविज्ञानले डस्छ । कति त सामाजिक सञ्जाल नै प्रयोग नगर्ने मनस्थितिमा पुग्छन् । सामाजिक र कानुनी जटिलताले गर्दा झन् बढी बेइज्जती हुने हो कि वा पीडकले अझ बढी बेइज्जती गरिदिने हो कि भनेर थुप्रै मानिस कानुनी लडाइँ लड्नसमेत पछाडि हट्ने गरेको पाइन्छ ।

आपराधिक मनस्थिति भएका केही मानिसले आफ्ना साथीसंगीको पासवर्ड कुनै तरिकाले चोरेर उनीहरुको गोप्य तस्वीर र डाटालाई पर्दाफास गरिदिएका धेरै घटना छन् । त्यही भएर सामाजिक सञ्जालको आफ्नो पासवर्ड कोही नजिकका मानिसलाई पनि दिनुहुन्न । केहीले अरुको नक्कली आईडी बनाएर नाजायज र अश्लील सामग्री हाली लोकमा बदनाम गराइदिन्छन् । साइबर अपराध निकै गम्भीर विषय हो । साइबर अपराधलाई नियन्त्रणमा ल्याएर सभ्य र सुरक्षित समाज रचना गर्न राज्यसंयन्त्र, नागरिक समाज, सञ्चारमाध्याम र सबै न्यायप्रेमी जनता सचेत र सक्रिय हुनुपर्छ ।

साइबर हिंसाबाट पीडित धेरै मानिसले प्रहरीमा उजुरी नदिएका पनि होइनन् तर त्यस्ता घटनालाई गुपचुपमा नै मिलाइन्छ वा सम्बन्धित निकाय संवेदनशील भइदिन्न । जसको फलस्वरुप साइबर हिंसा भुसको आगोसरि फैलिइरहेको छ । पीडकलाई अधिकतमसम्मको दण्ड दिनु अत्यावश्यक छ । आफ्ना छोराछोरीले कतै सामाजिक सञ्जालको दुरुपयोग गरेर अपराध त गरिरहेका छैनन् भन्ने कुरामा अभिभावक पनि सचेत हुनु समयको माग हो । यदि आफ्ना सन्तानले बाटो विराइरहेका छन् भने अभिभावक कडा कदम चाल्न पछाडि हट्नुहुन्न । अहिलेका प्राय: अभिभावक आफ्ना सन्तानहरुसँग डराएर उनीहरुलाई उचित लगाम लगाउन पछाडि हट्ने परिवेश छ तर यसो गर्न मिल्दैन । किनकि सन्तानको सुसंस्कारको लागि डट्नु अभिभावकको गहन जिम्मेवारी हो ।

अहिले भइरहेको एआई र रोबोटिक्सको तीव्र विकासले पछि कालान्तरमा कतै मानिसहरुलाई रोबोट वा यन्त्रहरुले हानि पुऱ्याउने त होइन भन्ने खतरा बढिरहेको छ । वैज्ञानिक र व्यापारीहरुको बेलगाम महत्वाकांक्षाको परिणामस्वरुप मानव अस्तित्व नै खतरामा पर्नेछैन भन्न सकिन्न । विज्ञानको जोखिमपूर्ण तवरको विकासले सबैलाई झस्काएको छ । सामाजिक सञ्जलको सकारात्मक र नकारात्मक दुवै पाटो भएजस्तै एआई र रोबोटिक्सको पनि असल र खराब पक्ष छ । जोखिमपूर्ण काम गर्नका लागि रोबोटहरु मानिसका लागि अति सहयोगी त छन् तर पछि मानिसलाई नै यो असल पक्ष घातक हुने त होइन ?

रोबोट भनेका मेसिन हुन्, तिनीहरुलाई दुख्दैन र यदि उनीहरुमा मानिसमा जस्तै भावना र सोचविचार गर्ने शक्ति प्रचुर मात्रामा हालियो भने तिनीहरुले मानव समुदायलाई ठूलो भौतिक क्षति पुऱ्याउन सक्छन् । मानिसलाई दुख्छ वा मानिसको मरण हुन्छ । त्यसैले उनीहरु रोबोटप्रति हाबी हुन सक्दैनन् । त्यसैले विश्व समुदाय यस गम्भीर कुरामा अति संवेदनशील हुन जरुरी छ । शक्तिशाली र विकसित देशका विश्वनेताहरुले यसलाई उपेक्षा गरिदिने हो भने कालान्तरमा अति ठूलो प्रलय आउने पक्का छ ।

अहिलेको अवस्थामा एआई वा रोबोटिक्स शत्रु हो कि मित्रु हो भन्ने कुरामा जनमानस अलमलमा परेको अवस्था छ । कम्प्युटरका पिता चार्ल्स ब्याबेजले पनि कम्प्युटर यति तीव्र तरिकाले मानव समुदायमा समाहित होला भन्ने सोचेका थिएनन् होला । यसको सदुपयोगले मानवहित हुन्छ भने दुरुपयोग भएमा विनाश निम्त्याउँछ । अहिलेदेखि नै यसमा ध्यान पुग्नु जरुरी छ । वास्तवमा मानिस भनेको चेतना, ज्ञान, सीप र कला भएको प्राणी हो, भगवान् होइन, त्यसैले रोबोटमा मानिसमा भएका गुणहरुजस्तै संवेदनशीलताको ज्ञान जडान गरी मानवसरह बनाउने हक मानिसलाई छैन । यदि रोबोटहरुलाई माया, दया, क्रोधजस्ता मानवसरहका भावनाहरुयुक्त गरियो भने एकदिन मानव समुदाय सखाप हुनुपर्ने हुन सक्छ ।

प्रविधि र कम्प्युटरका हाँगाहरुलाई उच्चतम विवेक र दिगोपनाको सिद्धान्त अनुरुप प्रयोग गर्नु मानव जातिको गहन जिम्मेवारी हो । यसमा खेलबाड गरिनुहुन्न । प्रविधि र कम्प्युटर मानिसलाई सुविधा दिन सिर्जित तत्वहरु हुन् । यिनीहरुलाई चेतनशील भई प्रयोग गरिनुपर्छ । सीमित स्वार्थ र लहडमा भविष्यमा मानव जातीलाई हानि हुन सक्ने रचनाहरु गरिनुहुन्न । संयमता र दूरदृष्टि राखेर मानव समुदायलाई सेवा गर्न सारा वैज्ञानिक र ठूला-ठूला व्यापारीहरु आफ्नो कर्मथलोमा खरो उत्रनुपर्छ । विज्ञान, आदर्श र नीतिको दुरुपयोग निकै खतरनाक साबित हुन पनि सक्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

Siddhartha Bank NPL NEPAL PREMIER LEAGUE



Siddhartha Bank NPL NEPAL PREMIER LEAGUE

# शाहबको कीर्तिमान, काठमान्डुको प्लेअफमा उडान



काठमाडौं/भनिन्छ क्रिकेटमा एक बलले मोमेन्टम परिवर्तन गर्छ अनि एक ओभरले खेलकै नतिजा बदल्न सक्छ, कीर्तिमान बन्न पनि एक ओभर नै पर्याप्त हुन्छ । बिहीबार सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटअन्तर्गत काठमान्डु गोर्खाज र पोखरा एभेन्जर्सबीचको खेलमा पनि त्यस्तै भयो । काठमान्डु गोर्खाजले दिएको १६६ रनको लक्ष्य पछ्याउने क्रममा एक समय खेलमा अगाडि देखिएको पोखरा एभेन्जर्स अन्तिममा पराजित भयो ।

१६ ओभरमा १३०-४ को अवस्थामा रहेको पोखरालाई २४ बलमा ३६ रन आवश्यक थियो, जुन् टी-२० क्रिकेटमा कठिन होइन, विशेषगरी क्रिजमा दुई सेट ब्याटर भएको अवस्थामा । तर त्यही अवस्थाबाट काठमन्डुले खेलमा कमब्याक गरेर अन्त्यमा खेल नै जित्न सफल भयो । १७औं ओभरमा बलिङ गर्न आएका करण केसीले श्रीलंकन ब्याटर धनन्जय लक्षनलाई आउट गर्दै लक्षन र ऋषि धवनबीच बनेको ७६ रनको साझेदारी तोडे । त्यो त्यही बल थियो जसले खेलको मोमेन्टम काठमान्डुतर्फ फिर्ता ल्याएको थियो । त्यो ओभरमा ५ रन मात्र आयो ।

त्यसपछिको ओभरमा ६ रन र १ विकेट आयो भने १९औं ओभरमा बलिङमा आएका करणले फेरि ५ रन मात्र खर्चे । पोखरालाई अब ६ बलमा २० रन आवश्यक थियो र करण केसीसँग राशिद खान र आदिल आलमको पेस बलिङ विकल्प बाँकी हुँदाहुँदै बाँयाहाते स्पीनर शाहब आलमलाई बलिङ गराए । शाहबले अन्तिम ओभरमा ह्रयाट्रिकसहित ४ विकेट लिँदै कूल ६ विकेट लिएर कीर्तिमान नै कायम गरे, काठमान्डुले खेल जित्दै प्लेअफमा स्थान पक्का गर्‍यो ।

सुरुवाती खेलमा साविक विजेता जनकपुर बोल्ट्सलाई हराएपछि दुई हार बेहोरेर लय गुमाएको काठमान्डुले त्यसपछि लगातार ४ खेल जितेर प्लेअफको उडान भरेको हो । यस उडानमा विदेशी खेलाडीसँगै नेपाली युवा बलर शाहब पनि नायक बने ।

**शाहबले बनाएको कीर्तिमान**

कप्तान करण केसीले २०औं ओभरमा २० रन डिफेन्ड गर्नका लागि शाहबलाई बल थमाउनुअघि उनले ३ ओभरमा १९ रन दिएर २ विकेट लिएका थिए । स्ट्राइकमा सेट ब्याटर ऋषि धवन थिए, जो अर्धशतक बनाएर खेलिरहेका थिए ।

२० रन आवश्यक हुँदा ब्याटर ठूला शटकै लागि जाने र विकेट पनि प्राप्त हुने सम्भावना र हन्छ । सर्कल बाहिरका ५ जनै फिल्डर बाउन्ड्री लाइनमै थिए । शाहबको पहिलो बलमा अगाडि बढेर लङअनमा शट खेलेका धवन क्याचआउट भए । बाउन्ड्रीमै रहेका मिलिन्द कुमारले राम्रो जजमेन्टका साथ क्याच पूरा गरे । सेट ब्याटरको विकेट गुमेपछि काठमान्डुले केही राहतको सास फेरेको थियो ।

त्यसपछि ब्याटिङमा आए बिपिन खत्री, जो पहिलो बलमै रिभर्स खेल्ने धुनमा एलबीडब्लु धरापमा फसे । त्यसपछि आएका आकाश चन्दले पनि ठूलो शट खेल्दा लङअनमा क्याच आउट भए, अनि पूरा भयो शाहबको ह्याट्रिक । केही बेर अघिसम्म एउटा जितको खोजीमा मात्र रहेका काठमान्डुका खेलाडीहरू एउटा कीर्तिमानकै साक्षी बने । यो एनपीएल इतिहासकै पहिलो ह्याट्रिक थियो । त्यसपछि ब्याटिङमा आएका सागर ढकालले शाहबलाई छक्का प्रहार गरे भने अन्तिम बलमा सागर पनि क्याच आउट भएपछि शाहबको एकै ओभरमा ४ सहित विकेट संख्या ६ पुग्यो । एकै ओभरमा ४ विकेट लिनु पनि अर्को एउटा कीर्तिमान थियो । एनपीएलमा पहिलोपटक कुनै बलरले एकै ओभरमा ४ विकेट लिएका थिए र ती बलर रहे शाहब । एनपीएलमा एकै खेलमा ६-विकेटको प्रदर्शन दोस्रोपटक आएको हो । यस सिजन भने पहिलोपटक भएको हो । गत सिजन कर्णाली याक्सका विलियम बोसिस्टोले ६ विकेट लिएका थिए ।

**चार्ल्सवर्थ र भीमको शानदार ब्याटिङ**

दोस्रो इनिङको रोमाञ्च अघि आजको खेलको पहिलो इनिङमा दुई खेलाडीको प्रदर्शन शानदार रह्यो । इंग्लिस ब्याटर बेन चार्ल्सवर्थ र नेपाली ब्याटर भीम सार्की ब्याटिङमा शानदार देखिए । ओपनिङमा आएका चार्ल्सवर्थले अर्को एन्डमा विकेट गएको दर्शन गरिरहेका थिए । उनीसँगै ओपनिङमा आएका आकाश त्रिपाठी शून्यमै आउट भएका थिए भने राशिद खान ७, मिलिन्द कुमार १३, जोन सिम्पसन २ अनि आदिल आलम ७ रनमा आउट भएपछि काठमान्डु १४औं ओभरमा ७९-५ को अवस्थामा पुगेको थियो । ब्याटिङमा चार्ल्सवर्थलाई साथ दिन आए भीम सार्की ।

१४ ओभरको समाप्तिमा ८२-५ को अवस्थामा रहेको काठमान्डुका लागि त्यसपछि भीम सार्कीले आक्रामक ब्याटिङ गर्न थाले । १९ बलमै अर्धशतक पूरा गरेर टोलीलाई फिनिसिङ दिलाए । २३ बलमा ५ चौका र ४ छक्कासहित ५५ रन बनाएर उनी आउट हुँदा काठमान्डुले अघिको स्कोर लगभग डबल गरिसकेको थियो । चार्ल्सवर्थले ५५ बलमा ६४ रनको अविजित पारी खेले । काठमान्डुले १६५ र नको योगफल खडा गरेर त्यसलाई डिफेन्ड गर्न सक्यो । प्लेयर अफ द म्याच भीम सार्की घोषित भए ।

सुरुवाती २ खेल खेलेपछि त्यसपछिका ३ खेलमा भीम ड्रप भएका थिए । अघिल्लो खेलदेखि टोलीमा फर्किएका भीमले टिमलाई चाहिएको बेला प्रदर्शन गर्न पाउँदा खुसी लागेको बताए । 'टिमको कम स्कोर थियो, मलाई धेरै रन बनाउँछु भन्ने नै सोच थियो' उनले भने । शाहब आलमको बलिङ अनि चार्ल्सवर्थको ब्याटिङले खेल जित्ने आधार बनेको भीमको भनाइ थियो ।

'योजना अनुसारकै प्रदर्शन भइरहेको छ र अहिले नतिजा हाम्रो पक्षमा आउन थालेको छ' भीमले भने । नेपाली टोलीमा पर्ने सम्भावनाबारेको प्रश्नमा भीमले आफूले सकेको बेस्ट पर्फमेन्स दिने र बाँकी कुरा आफ्नो नियन्त्रणमा नहुने भएकाले धेरै त्यसतर्फ ध्यान नदिएको बताए ।

यस्तै बेन चार्ल्सवर्थले खेलपछि कुरा गर्दै आफूले खेल डिप लैजान खोजेको र भीमको आगमनले सजिलो भएको बताए । 'पिच सजिलो थिएन, भीम क्रिजमा आएपछि उसले म अट्याक गर्छु भनेर मलाई चाहिँ अहिलेकै जसरी खेल्न सुझाएका थिए, मलाई पनि अट्याकिङ नै खेल्न मन थियो तर भीमले धेरै नै राम्रो गरे' उनको भनाइ थियो । चार्ल्सवर्थले शाहब आलमको बलिङको प्रशंसा गर्दै उनी राम्रो बलर भएको बताए । 'यो प्रतियोगितामा उनले राम्रो गरिरहेका छन्, लेन्थ पनि राम्रो छ, कन्सिस्टेन्ट छन्' उनले भने ।

**पोखराले भेटाएन लय**

सुरुवाती ४ खेलमा १ जित मात्र निकालेपछि टोलीमा विदेशी खेलाडीसहितका केही परिवर्तनसहित पाँचौं खेल जितेर पोखराले सकारात्मक संकेत गरेको थियो । विदेशी खेलाडी एडम रोसिङटनको लय अनि जेसन रोय, धननज्य लक्षन र ऋषि धवनको आगमनले बलियो देखिएको पोखराले छैटौं खेलमा सोही लय दोहोर्‍याउन सकेन ।

पाँचौं खेलमा शतक बनाएका रोसिङटन र राम्रो ब्याटिङ गरेका रोय आजको खेलमा नचलेपनि लक्षन र ऋषिले भने ब्याटिङ र बलिङ दुवैमा राम्रो प्रदर्शन गरेका थिए । तर टोलीको जितका लागि भने पर्याप्त रहेन । खेलपछि कुरा गर्दै लक्षनले सुरुवाती १० ओभरमा खेलमा पछाडि परेपनि पछि खेल क्लोज भएको र अन्त्यमा सम्हालिन नसक्दा हार बेहोरेको बताएका थिए । उनले आफ्नो विकेट गुम्नुले मोमेन्टम चेन्ज भएको बताए ।

हारपछि पोखराको प्लेअफ सम्भावना भने अब कमजोर बनेको छ । ६ खेलमा ४ अंक मात्र भएको पोखराले अब समान खेलमा समान अंक भएको चितवन राइनोजसँग खेल्न बाँकी छ । अब शुक्रबार हुने खेलको नतिजाले पोखराको भाग्य निर्धारण गर्नेछ । जनकपुर र लुम्बिनीबीचको खेलमा लुम्बिनी विजयी भएमा पोखरासहित चितवन र जनकपुर बाहिरिने छन् । जनकपुरले लुम्बिनीलाई हराएमा भने ४ वटै टोलीको ६ अंक हुने हुँदा नेटरनरेट राम्रो हुने टोली प्लेअफमा पुग्नेछ ।

*(स्रोत:अनलाइनखबर)*

# सुदूरपश्चिमको तुफानी यात्रा



काठमाडौं/६ खेलमा ६ जित । एक्लो अपराजित टोली । ब्याटिङ, बलिङ मात्र नभएर फिल्डिङमा पनि उत्तिकै उत्कृष्ट प्रदर्शन । दीपेन्द्र सिंह ऐरीको नेतृत्वमा रहेको सुदूरपश्चिम रोएल्सले अहिले भइरहेको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) मा गज्जबको प्रदर्शन गरिरहेको छ । खेलेको ६ खेलमै शतप्रतिशत जित निकाल्ने एक्लो टिम भएकोले पनि टिम कस्तो छ भन्ने थाहा हुन्छ ।

सुदूरपश्चिमले पहिलो सिजनमा 'मैदानमा तुफान, सुदूरको सान' भन्ने गीत नै तयार गरेको थियो । अहिले पनि सुदूरपश्चिमको खेल हुँदा मैदानमा त्यो गीत गुन्जिरहेको छ । गीतले भने जस्तै सुदूरपश्चिमले एनपीएलको दोस्रो संस्करणमा मैदानमा तुफानी प्रदर्शन गरिरहेको छ । क्रिस लिन, जोश ब्राउन, विनोद भण्डारी, इशान पाण्डेको ब्याटिङ, स्कट कुगेलेइन, अविनाश बोहरा, हेमन्त धामीको तुफानी बलिङ, हर्मित सिंहको अलराउण्ड प्रदर्शन अनी कप्तानी दीपेन्द्रको जबरजस्त फिल्डिङ । मैदानभित्र मात्र नभएर मैदान बाहिर पनि सबैभन्दा धेरै दर्शकको साथ पाउने टिम । सुदूर पश्चिमको फ्यानबेस पनि गज्जबकै छ । सुदूरको गेम हुँदा टीयू मैदानमा खेल हेर्न सबैभन्दा धेरै दर्शक उपस्थित हुन्छन् ।

लगातार पाँच खेल जितेर प्लेअफ पुग्ने पहिलो टिम बनेको सुदूरपश्चिमले बिहिबार चितवन राइनोजलाई ४९ रनले पराजित गर्दै शीर्ष दुईमै स्थान सुरक्षित गरेर क्वालिफायर वान नै खेल्ने भएको छ । लगातार ६ खेल जितेपछि सुदूरपश्चिमका मुख्य प्रशिक्षक जगत टमाटाले खेलाडीहरुले सबै क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेको र टिमवर्क देखिएको प्रतिक्रिया दिए । 'खेलाडीहरुलाई धेरै बधाई । समर्थकहरुले यहाँसम्म पुऱ्याउनुभएको छ, सबै नेपालीहरुले माया गर्नुभएको छ । हाम्रो जितमा खेलाडीले आफ्नो तर्फबाट २०० प्रतिशत दिनुभएको छ' टमाटाले पोस्ट म्याच कन्फेरेन्समा भने, 'टिमवर्क गरेर खेल्नुभएको छ । हरेक खेलमा फरक प्लेअर अफ दि म्याच हुनुभएको छ । सो टिमवर्क त्यहाँ देखिरहेको छ ।'

यस्तै टमाटाले ब्याटिङ बलिङ सबैमा टिमले राम्रो गरिरहेको र टिम म्यानेजमेन्टले पनि सपोर्ट गरेको बताए । 'हाम्रो ब्याटिङ युनिट र बलिङ युनिटमा खेलाडीले जिम्मेवारी लिएको छ । त्यसमा टिम म्यानेजमेन्ट र सपोर्ट स्टाफलाई पनि धन्यवाद दिन्छु' उनले भने, 'अवस्था अनुसार अहिले पनि हाम्रो बलियो पक्ष बलिङ देखिएको छ । हाम्रो ब्याटिङ र बलिङ दुवै बलियो छ जस्तो मलाई लागिराछ ।' सुदूरले अझ शनिवार विराटनगर किंग्ससँग लिगको अन्तिम खेल खेल्न बाँकी छ । क्वालिफायर वानमा खेल्ने अपोनेन्टको टुङ्गो पनि सम्भवत त्यही खेलको नतिजापछि नै थाहा हुन्छे । प्लेअफअघि सुदुरपश्चिमलाई त्यो खेल तयारीको लागि राम्रो मौका पनि हुनेछ । सुदुरपश्चिमले पछिल्ला दुई खेलबाट बेन्चमा रहेका अन्य खेलाडीहरुलाई समेत अवसर दिँदै तयारी अवस्थामा राखेको छ ।

पहिलो संस्करणमा फेभरेट हुँदा हुँदै पनि फाइनलमा जनकपुर बोल्ट्सँग पराजित हुँदा उपविजेतामा समेटिएको थियो । दोस्रो संस्करणमा विजेता नै बन्ने लक्ष्य लिएर आएको सुदुरपश्चिमले अहिले गज्जबको प्रदर्शन गरिरहेको छ ।

**चल्यो क्रिस लिनको ब्याट**

यसअघि वान डाउनमा ब्याटिङ गर्दै आएका क्रिस लिनले चितवन विरुद्ध जोश ब्राउन नखेलेपछि भने विनोद भण्डारीसँग ओपनिङ गरेका थिए । एक छेउबाट विकेट गइरहेपनि क्रिस लिनले अर्को छेउ सम्हाले । उनले १७औं ओभरको अन्तिममा रिटायर हर्ट हुनुअघि ५६ बल खेल्दै ७५ रन बनाए । जसमा ५ चौका र ३ छक्का सामेल थियो । पहिले जस्तो आक्रमक नदेखिएपनि उनले स्ट्राइक रोटेट गर्दै इनिङ्स बिल्ड गरेका थिए । पहिलो विकेटका लागि विनोद भण्डारीसँग ४६ रनको साझेदारी गरेको लिनले तेस्रो विकेटका लागि पुनित मेहरासँग ३८ रनको साझेदारी गरे । यस्तै पाँचौ विकेटका लागि आरिफ शेखसँग ४५ रनको साझेदारी गरे ।

लिनले यसअघि ५ खेलमा जम्मा ६८ रन बनाएका थिए । त्यसमा पोखरा विरुद्ध बनाएको ३१ रन व्यक्तिगत उच्च थियो । तर आज चितवन विरुद्ध भने उनको ब्याट चल्यो । ओपनिङ देखि नै खेल्ने अवसर पाए र एकै खेलमा ७५ रन जोडे । लिन ६ खेलबाट १४३ रन बनाउँदै सर्वाधिक रन बनाउनेमा समेत १२औं स्थानमा उक्लेका छन् ।

लिनलाई ब्याटिङमा साथ दिएका विनोदले २१ रन र पुनितले १३ रन जोडे । त्यसपछि आरिफ र कप्तान दीपेन्द्र सिंह ऐरीले समान २४ रन बनाए । दुवै अविजित रहे । दुवैले आक्रमक ब्याटिङ गरे । दीपेन्द्रले १४ बल खेल्दै २ छक्का प्रहार गरे । १६ बल खेलेका आरिफले २ चौका र १ छक्का प्रहार गरे । सुदूरले दिएको १७० रनको लक्ष्य पछ्याउँदा चितवनले सुरुवातदेखि नै विकेट गुमायो र १७ बल अघि नै १२० रनमा अलआउट भयो ।

ब्याटिङ मात्र नभएर बलिङमा पनि सुदूरका खेलाडीले उत्कृष्ट प्रदर्शन गरे । त्यसमा कप्तान दीपेन्द्रसहित अन्य खेलाडीको फिल्डिङ पनि उत्कृष्ट रह्यो । सुदूरको बलिङ र पिल्डिङ अघि चितवनका कुनै पनि खेलाडीले ३० रनको आँकडा छुन सकेनन् । र बि बोपाराले २९, देव खनालले २८, अर्जुन साउनले १६ र कप्तान कुशल मल्लले १५ रन बनाए भने बाँकीले दोहोरो अंकमा रन जोड्न समेत सकेनन् ।

बलिङमा कुनै खेलाडी स्टान्ड आउट नखेदिएपनि कप्तान दीपेन्द्रले अवस्था अनुसार बलर चेन्ज गरेका थिए । यसअघि उत्कृष्ट बलिङ गर्दै आएका स्कट कुगेलेइन र हर्मित सिंहले आज विकेट लिन नसकेपनि अन्य बलरबाट दीपेन्द्रले विकेट निकाले । आफैले बलिङ सुरुवात गरेका दीपेन्द्रले ३ ओभरमा ९ रन मात्र दिएर १ विकेट लिए । उनले डिरेक्ट हिटमार्फत डाविड मलानलाई रनआउट गर्दै पहिलो सफलता दिलाएका थिए ।

यस्तै आजै एनपीएलमा पहिलो खेल खेलेका पुनित मेहराले २.१ ओभरमा १४ रन मात्र खर्चेर ३ विकेट लिए । ट्यालेन्ट हन्टबाट आएका आइकोनिक खेलाडी हिक्मत महराले २ ओभरमा १४ रन खर्चेर १ विकेट लिए । गत वर्ष सुदूरपश्चिमबाट खेल्दै बेस्ट प्लेअर बनेका चितवनका सैफ जैबलाई हिक्मतले एनपीएल डेब्यु खेलमा आउट गरे । अविनाश बोहराले सर्वाधिक रन बनाएका बोपारा र इशान पाण्डेले कप्तान कुशल मल्लको विकेट लिए । दीपेन्द्रको डिरेक्ट हिटसहित सुदूरपश्चिमले तीन रनआउट गरेको थियो ।

*(स्रोत:अनलाइनखबर)*

# हेटौंडामा नेकपाको सभा स्थगित, थाहामा मंसिर २९ गते हुने



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले हेटौंडामा आयोजना गर्ने भनिएको प्रदेशस्तरीय सभा स्थगित भएको छ ।

हेटौंडा बजारक्षेत्रको सडक विस्तारको तयारी भइहरँदा नेकपाले हेटौंडामा सभा स्थगित गरेका हो । हेटौंडा-४, हुप्रचौरमा प्रादेशिकसभा गर्ने योजना बनाएको नेकपाले मंगलबार प्रादेशिकसभा स्थगित गर्ने निर्णय गरेको हो । साविक नेकपा माओवादी केन्द्रका मकवानपुर इन्चार्ज विजय गौतमले सडक विस्तारको समयमा बल प्रयोग हुनसक्ने र एउटा वर्ग समस्यामा रहीरहँदा सभा गर्नु उचित नभएको ठहर गरी स्थगित गरिएको जानकारी दिए ।

साविक नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहित विभिन्न समूहको सहभागितामा नेपाली कम्युनिष्ट पार्टी गठन गरिएको हो । नेकपाले जिल्लामा एकीकृत भएका दलका नेता, कार्यकर्ताको सहभागितामा २५ गते एकीकृत भेला गर्ने जनाएको छ । यस्तै मंसिर २९ गते पालिकास्तरीय भेला गरिनेछ ।

बुधबार नेकपाको हेटौंडा-५, गर्दोईस्थित पार्टी कार्यालयमा बैठक बसेको थियो । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) थाहानगर कमिटीको बैठकले पार्टी संगठन सुदृढीकरण, आगामी कार्यक्रमको तयारी तथा एकता प्रक्रियालाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ ।

नेकपाकी केन्द्रीय सदस्य कुमारी मुक्तानसहित पार्टीका विभिन्न तहका नेता तथा कार्यकर्ताको उपस्थितिमा भएको बैठकले पार्टीभित्रको समन्वय, संगठन विस्तार र आगामी कार्यक्रमको प्रभावकारी व्यवस्थापनका लागि नगरस्तरीय कार्यदल गठन गरेको छ । कार्यदलमा साविक माओवादीको तर्फबाट लवशेर विष्ट, बिनोद लामा र लक्षण विष्ट तथा साविक नेकपा एसका तर्फबाट सानुकाजी गोपाली, सुरेन्द्र थापामगर र युवराज जिम्बा छन् । बैठकले मंसिर २५ गतेभित्र थाहा नगरपालिकाको १२ वटै वडाको बैठक सक्ने निर्णय भएको छ ।

वडास्तरीय बैठक सकेर मंसिर २९ गते नगरस्तरीय संयुक्त बैठकमार्फत नगर एकता सन्देशसभा गर्ने निर्णय भएको छ । बैठकले एकता सन्देशसभालाई भव्यरुपमा सम्पन्न गर्न पार्टीले सबै सक्रियता बढाउने भएको छ । एकता प्रक्रियालाई दिगोरुपमा अघि बढाउने र पार्टीलाई थप संगठित बनाउँदै जनताका मुद्दामा केन्द्रित भएर अघि बढ्ने निष्कर्ष निकालेको नेता लामाले प्रतिक्रिया दिए ।

# बागमती प्रदेशमा एमाले भन्दा ठूलो बन्यो नेपाली कम्युनिस्ट पार्टी



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ बागमती प्रदेशसभामा नेपाली कम्युनिस्ट पार्टी नेकपा एमाले भन्दा ठूलो दल बनेको छ ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी सहितका कम्युनिष्टघटक र दल मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेको हो । २०७९ मंसिर ४ गतेको चुनावमा एमाले बागमती प्रदेशसभामा दोस्रो दलको रुपमा चुनिएको थियो ।

११९ स्थानीय तह रहेको बागमती प्रदेशमा ११० सदस्यीय प्रदेशसभा छ । २३८ स्थानीय तहका प्रमुख र उपप्रमुख छन् । प्रदेशसभामा ३७ सिटसहित कांग्रेस पहिलो दल छ । एमाले २७ सिटसहित दोस्रो दल रहेकोमा अब नेपाली कम्युनिष्ट पार्टीको २८ सिट भएको छ । तत्कालीन माओवादी केन्द्रका २१ र एकीकृत समाजवादीका ७ सिट एकीकरणपछि २८ सिट पुगेको हो । बागमतीमा राप्रपा १३, नेमकिपा ३, हाम्रो नेपाली पार्टीका २ प्रदेश सांसद छन् ।

स्थानीय तहतर्फ पनि नेपाली कम्युनिस्ट पार्टीले एमालेलाई उछिनेको छ । स्थानीय तहतर्फ बागमतीमा कांग्रेसका १०८ जना प्रमुख/उपप्रमुख छन् । एमालेका ६० जना रहेका छन् । माओवादीका ५७ र एकीकृत समाजवादीका ९ जोडिँदा अब नेपाली कम्युनिस्ट पार्टीका ६६ प्रमुख/उपप्रमुख पुगेका छन् ।

# सन्तोषजनक शोसहित प्रदर्शनमा आयो 'अभिमन्यु'

काठमाडौं/पाँच पटकको प्रयासमा शुक्रबारबाट फिल्म 'अभिमन्यु' सन्तोषजनक शोसहित प्रदर्शनमा आएको छ । गत भदौ २७ मा रिलिज हुने भनिएको यो फिल्म जेनजी पुस्ताको आन्दोलनका कारण पछाडि धकेलिएको थियो । त्यसअघि साउन २३, असोज २४ र कात्तिक २१ गतेलाई घोषणा गरिएको मितिमा पनि फिल्म रिलिज हुन सकेन ।

फिल्मले देशव्यापी एक सयभन्दा बढी शो पाएको छ । देशको सबैभन्दा ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले फिल्मलाई काठमाडौंका आउटलेटमा ११ बढी शो दिएको छ । दोस्रो ठूलो मल्टिप्लेक्स चेन आईएनआईका ५ वटा चेनमा फिल्मले ११ शो पाएको छ । वान् सिनेमाजले २ वटा आउटलेटमा ६ शो, बिग मुभिजले २ शो, एफक्युबले २ शो दिएका छन् ।

गत सोमबार काठमाडौंमा भएको प्रिमियरमा फिल्मको विषयवस्तु, मेकिङ, प्रस्तुति र कलाकारको अभिनयको प्रशंसा भएको थियो । सुशान्त गौतमको डेब्यू निर्देशकीय फिल्ममा कामेश्वर चौरासिया, सरिता गिरी, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, शिशिर वाङ्देल, प्रकाश दाहाल, किरण श्रेष्ठलगायतका कलाकारहरूको अभिनय रहेको छ ।

मुकेश खनालको लेखन रहेको फिल्मका निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेको फिल्ममा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ कार्यकारी निर्माताम‌ा छन् ।

फिल्ममा शरद महतो डिओपी, मनोज श्रेष्ठको भिएफएक्स, जुनिम गहतराजको रंग संयोजन र मदन घिमिरेको सम्पादन रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पहिलोपटक कालोपत्रे सडकले जोडिँदै कैलाश गाउँपालिका

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ सडकको ट्र्याक खन्न सुरु गरेको चार दसक पछि बल्ल मकवानपुरको एउटा सडक कालोपत्रे हुने निश्चित भएको छ । मकवानपुरको दुर्गम कैलाश गाउँपालिका जोड्ने सडक पहिलोपटक कालोपत्रे हुने भएको हो ।

चार दसकदेखि धुलो र हिलोमा सास्ती खेप्दै आएका स्थानीयका लागि यो विकासको नयाँकिरण बनेको छ । हिउँदमा धुलाम्मे र वर्षायाममा हिलाम्मे सडक कैलाशवासीको दैनिक जीवनचर्या बनेको थियो । सिजनमा मात्र चल्ने सडक वर्षा लागेलगत्तै बन्द हुने गर्थे । तर, संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयासमा अहिले कैलाशमा सडक विस्तार र स्तरोन्नतिको महाअभियान तीव्रगतिमा अघि बढिरहेको छ । राणाकालमा काठमाडौंमा दरबार बनाउनका लागि यही गाउँका मानिसले काठ चिरान गरी बोकेर राणाको दरबारमा पुऱ्याउने गरेका थिए ।

त्रिभुवन राजपथको चुनियाँदेखि कैलाश गाउँपालिकाको केन्द्र कालिकाटारसम्म २१ किलोमिटर दूरीमा पर्छ । २०३७ सालमा ट्र्याक खन्ने कार्य सुरु भएको यो सडक पहिलोपटक स्तरीकरण र कालोपत्रे हुने क्रममा पुगेको हो । 'अब धुलो र हिलोको युग अन्त्य हुँदैछ र कैलाश, जसलाई वर्षौंदेखि 'दुर्गम' भनिन्थ्यो, सुगम र समृद्धिको नयाँयात्रामा निस्कँदै छ,' गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले भने । गाउँपालिकाले



चुनियाँ-नामटार-कालिकाटार सडकलाई विकासको प्रमुख पूर्वाधारकारुपमा अघि सारेको छ ।

प्रदेश सरकारको १८ करोड रुपैयाँको लगानीमा निर्माण भइरहेको सात किलोमिटर लामो भाल्टार-वनझाँक्री सडकखण्डको स्तरीकरण अन्तिमचरणमा पुगेको गाउँपालिका अध्यक्ष मोक्तानले जानकारी दिए । 'प्रदेश सरकारको लगानीमा भइरहेको काम लगभग सकिन लागेको छ,' उनले भने, 'बाँकी खण्डको काम संघीय र स्थानीय सरकारको संयुक्त बजेटबाट भइरहेको छ । आगामी वर्षसम्म यो सडकलाई कालोपत्रे गरेर कैलाशलाई कालोपत्रे सडकसँग जोड्ने हाम्रो लक्ष्य छ ।'

यो सडक निर्माण सम्पन्न भएपछि कैलाशका बासिन्दाको हेटौंडासम्मको यात्रा सहज र छोटो हुनेछ । कृषिउपज बजारसम्म सजिलै पुऱ्याउन सकिनेछ भने स्वास्थ्य र शिक्षामा पनि पहुँच बढ्नेछ । भौगोलिकरुपमा माथिल्लो र तल्लो भूभागमा विभक्त यो पालिकामा सडकसञ्जाल विस्तारले दुवैक्षेत्रमा समान विकासको बाटो खोल्ने विश्वास अध्यक्ष मोक्तानले व्यक्त गरे । 'सडक सञ्जालको विस्तारसँगै शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनका क्षेत्रमा नयाँ सम्भावनाका ढोका खुल्नेछन्,' उनले भने, 'विकट कैलाश अब साँच्चिकै सुगम र समृद्ध बन्ने दिशातर्फ अघि बढेको छ ।'

पालिकाभित्रकै गोगने-गैरीगाउँ मोटरबाटो निर्माणका लागि ४० करोड रुपैयाँको ठेक्का सम्झौता भइसके पनि सडक डिभिजन कार्यालयबाट भोगचलन अनुमति नआउँदा अहिलेसम्म यो सडकको काम अघि बढ्न सकेको छैन । उनलाई प्रशासनिक गतिरोधले विकाससँगै नागरिकको अधिकारमा अवरोध पुग्छ भन्ने लागेको छ । 'प्रशासनिक अवरोधले विकासको गतिसुस्त बनाउन सक्छ,' मोक्तानले भने, 'त्यसमाथि पालिकाको आन्तरिक स्रोत पनि अत्यन्तै न्यून छ । सीमित बजेटले कर्मचारीलाई तलब खुवाउन धौधौ पर्छ, ठुला आयोजनाका लागि संघ र प्रदेशकै मुखताक्नु पर्ने बाध्यताले यहाँका नागरिकको अधिकारलाई कुण्ठित गर्छ भन्ने लाग्छ ।'

वर्षौंदेखि धुलो र हिलोमा सास्ती खेपिरहेका स्थानीय अब कालोपत्रे सडकको पर्खाइमा छन् । पूर्ववडाअध्यक्ष रहेका कैलाश-१० का माणिकलाल मोक्तान भन्छन्, 'पहिला-पहिला बिरामी पर्दा डोकोमा बोकेर अस्पताल लैजान्थ्यौं, अहिले बाटो बन्न थालेपछि राहत मिलेको छ । अब हाम्रा छोराछोरीले सहर जस्तै सुविधा पाउनेछन् र गाउँमै बस्ने वातावरण बन्नेछ ।' उनले सडक सञ्जालले बसाइँसराइ घटाउने र गाउँमै रोजगारी सिर्जना गर्ने विश्वास व्यक्त गरे । २०७८ को जनगणनाको तथ्यांकअनुसार २४ हजार ३६२ जनसंख्या भएको कैलाश गाउँपालिकाको अर्थतन्त्र अझै पनि कृषिमै केन्द्रित छ ।

हेटौंडाबाट करिब ४५ किलोमिटरको दूरीमा रहेको यो गाउँपालिकाको करिब ११ हजार मानिस प्रत्यक्षरुपमा कृषिपेसामा संलग्न छन् । उद्यमशीलता र औद्योगिक क्षेत्र शून्यजस्तै रहेको यो पालिकामा बेरोजगारी र वैदेशिक रोजगारीको समस्या विकराल बन्दै गएको गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले बताए । तथ्यांकअनुसार ५९१ जना पूर्ण बेरोजगार छन् भने ६११ जना ज्यालामजदुरी, ३१९ जना यातायात मजदुर र ४९४ जना वैदेशिक रोजगारीमा छन् । गाउँपालिकामा १० जना मात्र उद्यमी, २६ औद्योगिक मजदुर, ८६ सरकारी कर्मचारी, ७९ शिक्षक र ८६ जना गैरसरकारी संस्थामा कार्यरत छन् । १ हजार ६२४ महिला गृहिणीका रुपमा छन् भने १६२ जना स्वरोजगार बनेका छन् ।

# धर्मले मानिसलाई अनुशासित बनाउँछ: अध्यक्ष मुक्तान



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ कैलाश गाउँपालिका अध्यक्ष लोक बहादुर मुक्तानले धर्मले मानिसलाई अनुशासित बनाउने बताएका छन् ।

कैलाश-९ नामटारमा सञ्चालित स्यार्सेकालिका मन्दिरमा लाग्ने मेलाको उद्घाटन गर्दै उनले धर्म, कला, संस्कृतिले मानिसमा अनुशासन पैदा हुने बताएका हुन् । 'मानिसमा नकरात्मक उर्जा भन्दा सकरात्मक उर्जा बढी दिने गर्दछ । सोहीअनुरुप ऐतिहासिक शक्तिपीठको रुपमा रहेको स्यार्सेकालिका मन्दिर परिसरमा लागेको मेला-जात्राले मानिसमा एकता, सहिष्णुता भातृत्व कायम राख्दछ' अध्यक्ष मुक्तानले बताए, '२०५० को बाढीले तहसनहस भएको यो क्षेत्र विस्तारै विभिन्न संरचना निर्माण हुँदै ठुलो जात्रा लगाउने अवस्थासम्म आइपुगेको छ ।' आगामी दिनमा तीन तहकै सरकार, समाजसेवी हातहरुबाटै थप संरचना निर्माण गर्दै अझै व्यवस्थित गरी धार्मिक पर्यटनको विकासतर्फ लगिने अध्यक्ष मुक्तानले बताए ।

'जब विश्वास र आस्थाको केन्द्र बनाउँछौं तब यसठाउँमा आउँदा सकरात्मक उर्जा दिन्छ त्यसैले हामी सबैजना हातेमालो गर्यौं भने यसक्षेत्रको संरक्षण हुन्छ, विकास हुन्छ र प्रवर्द्धन हुनेछ' उनले भने । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले एउटा शक्तिपीठको रुपमा रहेको यस मन्दिर क्षेत्रको संरक्षण र प्रवर्द्धनमा हामी सबैको साथ रहने बताए । यसक्षेत्रको निर्माणमा आगामी दिनमा स्थानीय सरकार, विभिन्न दाताको साथ सहयोगमा थप व्यवस्थित गरी निर्माण गरिने उनले बताए ।

मन्दिर समितिका उपाध्यक्ष राजाराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा वडा ९ का अध्यक्ष भूवनसिं घलान, मनहरी १ का वडाध्यक्ष शिवप्रसाद खनाल, समाजसेवी जनकप्रसाद बर्तौला, केदारप्रसाद बर्तौला, अर्जुन कालाखेती लगायतले आफ्नो भनाई राखेका थिए । कार्यक्रममा कार्यपालिका सदस्य गोरीमाया भूलन, वडासदस्य ज्ञानबहादुर घलान, कालिका माविका प्रअ रामप्रसाद कालाखेती, सल्लाहकार बुद्धिप्रसाद कालाखेतीलगायतको आतिथ्यता रहेको थियो ।

बुधबारसाँझबाट भएको जात्रा-मेला विहीबार साँझ सकिने समितिका सचिव मनोजप्रसाद बर्तौलाले बताए । मन्दिर परिसरमा बत्ती बाल्ने र विहीबार बली दिने ठाउँको छुट्टाछुट्टै व्यवस्थापन गरिएको उनले बताए । खेलखेनौला, खाना, खाजा, फलफूल, मिष्ठान्न परिकार, फूलप्रसादका विभिन्न स्टल रहेको सचिव बर्तौलाले बताए ।

# विद्यालयमा न्यानो कपडा, शैक्षिक सामग्री र स्वास्थ्य सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ बकैया जेसीसले जेसीस सप्ताह अन्तर्गत एकैदिन बकैया गाउँपालिकामा रहेका तीन विद्यालयमा न्यानो कपडा, शैक्षिक सामग्री तथा स्वास्थ्यसम्बन्धी सेवा प्रदान गरेको छ ।



जेसीसले बकैया-४ र ातोथलीस्थित सिर्जना आधारभूत विद्यालयमा विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको कार्यक्रम संयोजक तथा बकैया जेसीस उपाध्यक्ष सुनिल भोम्जनले जानकारी दिए । विद्यालयकी निवर्तमान प्रधानाध्यापक ज्योति पुडासैनीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा चुरियामाई मल्टी प्रोचेज प्रालिका प्रोपाइटर सुवास अधिकारीको विशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष जमानसिङ भोलन, बकैया जेसीसका पूर्वअध्यक्षहरु सुशील घिमिरे र रमेश फुँयाल, स्थानीय बुद्धिजीवी तथा अभिभावकलगायतको उपस्थिति रहेको थियो । प्रमुखअतिथि पुडासैनीले यस्ता गतिविधिले विद्यार्थीमा अध्ययनप्रतिको उत्साह थपिने बताइन् । सोहीदिन बकैया-६ झोलखानीस्थित जनस्थापितरत्न आधारभूत विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ । बकैया-७ हर्दास्थित माटोकोरी आधारभूत विद्यालयमा विद्यार्थीको रक्तसमूह परीक्षणसमेत गरिएको छ । शैक्षिक सामग्री वितरणका लागि बासुदेव न्यौपानेले सहायता गरेका हुन् । कार्यक्रम बकैया जेसीस अध्यक्ष शौभाग्या दुतराजको सभाध्यक्षतामा सम्पन्न भएको थियो ।

# माघ १३ बाट कमाने प्रिमियर लिग क्रिकेट



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिता आगामी माघ १३ गतेबाट सुरु हुने भएको छ ।

बुधबार कमाने क्रिकेट क्लबका अध्यक्ष किशोर खत्रीको सभाध्यक्षमा बसेको क्लबको बैठकले चौथो संस्करणको कमाने प्रिमियर लिग टी-२० क्रिकेट प्रतियोगिता माघ १३ गतेबाट माघ १७ गतेसम्म सञ्चालन गर्ने निर्णय गरेको हो ।

यसअघि तेस्रो संस्करणसम्मको प्रतियोगिता टी-१० को आधारमा गर्ने गरेकोमा यसवर्षबाट फरक ढंगले खेललाई मनोरञ्जनात्मक र रोमाञ्चक बनाउनका लागि २० ओभरको खेल खेलाएर प्रतियोगिताको आयोजना गर्ने निर्णय गरेको क्लबका अध्यक्ष खत्रीले बताएका छन् ।

खेलाडी तथा क्लबको लिलामी पुस १३ गते गर्ने अध्यक्ष खत्रीले बताएका हुन् । हेटौंडा उपमहानगरपालिका-८ नम्बर वडा कार्यालयको मुख्य प्रयोजनमा हुने प्रतियोगितामा ८ वटा क्लबको सहभागिता रहने उनले बताए ।

गतवर्ष सम्पन्न प्रतियोगितामा उपाधि विजेतालाई ५० हजार रुपैयाँ र उपविजेतालाई २५ हजार रुपैयाँको पुरस्कार राशि प्रदान गरिएको थियो । यसवर्षको प्रतियोगितामा पुरस्कारको राशिको रकम बढाउने निर्णय गरिएको छ । प्रतियोगिताको उपाधि विजेता र उपविजेतालाई प्रदान गर्ने पुरस्कार राशिको रकमबारे पछि निर्णय गरिने उनले बताए । यसवर्षको प्रतियोगिता सम्पन्न गर्नका लागि करिब ८ लाख रुपैयाँको बजेट खर्च हुने अनुमान गरिएको छ । टी-२० को आधारमा प्रतियोगिताको आयोजना गराउनाले खेलाडीले आफ्नो आफ्नो कला प्रस्तुत गर्न सक्ने बताउँदै अध्यक्ष खत्रीले भने 'हामी अझै मैदानको अभावमा छौं ।

पहिलाको संस्करणमा भन्दा यो पटक हामी फरक अभ्यासमा छौं ।' पहिले १ टिममा १ जनामात्र ८ नम्बर बाहिरका खेलाडी खेल्न पाउथ्यो भने योपटक ८ नम्बर वडा बाहिरबाट ३/३ जना खेलाडी सहभागी हुन पाउने व्यवस्था गरिएको छ । यसवर्षको प्रतियोगितामा बाहिरी प्रदेश, जिल्ला र राष्ट्रियस्तरको खेलमा सहभागी भइसकेको खेलाडी सहभागी हुने भएकोले स्थानीय खेलाडीले सिक्ने अवसर पाउनेछन् ।

प्रतियोगितामा सहभागी हुने खेलाडीसँग सामन्वय गरेर उनीहरुको पारिश्रमिकको निर्धारण गरेको उनको भनाई छ । जसअन्तर्गत प्रत्येक क्लबबाट खेल्ने खेलाडीले खेल खेलेबापत पारिश्रमिक पाउनेछन् । क्लबको नियमित कार्यसूची तथा खेलतालिका छिट्टै सार्वजनिक गर्ने उनले बताए । गतवर्ष सम्पन्न भएको फाइनल खेलको उपाधि कमाने टाइगर्सले जितेको थियो भने कमाने रोयल्स उपविजेता बनेको थियो ।

# जातजातिका संस्कृतिको संरक्षण गर्नुपर्छ: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेशभित्र बसोबास गर्ने सबै जातजातिको संस्कृति संरक्षण र प्रवर्द्धनका लागि प्रदेश सरकार सदैव तयार रहेको बताएका छन् ।

किराँत समुदायको महान् पर्व उँधौली, समस्त नेवार समुदायले मनाउने ज्यापु दिवस तथा य:मरि पुन्हिको उपलक्ष्यमा बिहीवार शुभकामना सन्देश जारी गर्दै उनले यस्तो बताएका हुन् । मुख्यमन्त्री बानियाँले यस्ता पर्वहरुले सामाजिक सद्भाव, राष्ट्रियता, लोकतन्त्र र गणतन्त्रलाई थप सुदृढ गर्दै समाजवादको लक्ष्य हासिल गर्न सबैलाई एकताबद्ध भएर अघि बढ्न प्रेरणा दिने बताए । 'पर्वले हाम्रो सामाजिक सद्भाव कायम गर्दै राष्ट्रियता, लोकतन्त्र र गणतन्त्रलाई सुदृढ गर्दै समाजवादको लक्ष्य हासिल गर्न हामी सबै एकताबद्ध भई अगाडि बढ्न प्रेरणा दिनेछ,' उनले शुभकामना सन्देशमा उल्लेख गरेका छन् ।

उनले बागमती प्रदेशमा बसोबास गर्ने किराँत समुदायले उँधौली पर्व मनाइरहँदा यसले विशिष्टिकृत सांस्कृतिक पहिचान स्थापित गरेको र परम्परागत मूल्य मान्यता बलियो बनाएको महसुस



भएको बताए । समस्त नेवार समुदायले मनाउने ज्यापु दिवस तथा य:मरि पुन्हि लगायतका पर्वले प्रदेशका विभिन्न समुदायका संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको पनि उनले उल्लेख गरे । नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषताले भरिएको देश भएको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले अनेकतामा एकता र राष्ट्रिय स्वाभिमान हाम्रो साझा पहिचान भएको उल्लेख गर्दै विविध जातजाति र समुदायका मौलिक परम्परा नै नेपालको सांस्कृतिक धरोहर भएको स्पष्ट पारे ।

किराँत संस्कृति नेपालको राष्ट्रिय संस्कृतिको महत्वपूर्ण अवयव भएको उल्लेख गर्दै उनले उँधौली पर्वको सांस्कृतिक महत्वबारे प्रकाश पारे । पितृ तथा प्रकृतिपूजक किराँत समुदाय राई, लिम्बू, सुनुवार र याक्खाहरुले मानिस र जनावर लेकबाट बेंसीतिर झर्ने समयमा पाकेको नयाँ अन्न पितृलाई चढाउने, भूमिको पूजा गर्ने तथा राम्रो फसलको कामना गर्ने परम्परा रहेको उनले बताए । यस अवसरमा खुला आकाशमुनि ढोल-झ्याम्टा बजाएर चराचुरुङ्गी, जीवजन्तु तथा मानिसका गतिविधिको अनुकरण गर्दै सामूहिक रुपमा 'साकेला' नृत्य गर्ने प्रचलन छ ।

# हेटौंडाका ९ वटा वडामा महिलाहिंसा विरुद्धको सडक नाटक देखाइँदै

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ हेटौंडा उपमहानगरको प्रवर्द्धनमा उज्ज्वल भविष्य नेपालले महिलाहिंसा विरुद्धको सन्देश दिन सडकनाटक 'ट्वाक ट्वाक' प्रर्दशन गर्ने भएको छ ।

संस्थाले बिहीबार साँझ पत्रकार सम्मेलन गरेर दिएको जानकारीअनुसार सडकनाटक हेटौंडा उपमहानगरका ९ वटा वडामा प्रदर्शन गरिने छ । विद्यालय परिसर र आसपासका चोकमा नाटक प्रदर्शन गर्न लागिएको हो । शुक्रबार हेटौंडा-१ स्थित अमर माविमा देखाइने नाटक आइतबार हेटौंडा-२ को सिद्धार्थ मावि, सोमबार हेटौंडा-४ को श्रमिक मावि, मंगलबार हेटौंडा-५ को बालज्योति मावि र बुधबार



हेटौंडा-८ को चन्द्रोदय मावि परिसरमा देखाइने छ ।

यस्तै, बिहीबार हेटौंडा-९ को प्रगति मावि, शुक्रबार हेटौंडा-१० को बुद्धचोक आसपास, मंसिर २७ गते हेटौंडा-११ को सुकुम्बासी टोल र मंसिर २८ गते हेटौंडा-१५ को रातोमाटेमा देखाइने कार्यक्रम संयोजक राजुराम राउतले जानकारी दिए । आशाकाजी श्रेष्ठले लेखेको नाटक अमर गुरुङले निर्देशन गरेका हुन् । नाटकमा कुमार शाह, निता लामा, सुस्मिन गुरुङ, अन्तिमा लामालगायत १६ जना कलाकार छन् ।


## २७औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०७/१२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम २७औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने** :
मिति: २०८२/०९/२६ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: हेटौडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका विषयहरू**:
१. संरक्षक श्री महालक्ष्मी उपाध्याय डिनाज्यूको सम्बोधन सम्बन्धमा ।
२. साधारण सभाको बैधानिकता सम्बन्धमा ।
३. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
४. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
५. वार्षिक प्रगती एवं भावी नीति कार्यक्रम सहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
६. कोषाध्क्षज्यूबाट आ.ब.२०८१/२०८२ को लेखापरिक्षकज्युबाट तयार पारेको वित्तीय विवरण सहित ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.२०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
८. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. आ.व. २०८२/०८३ को साधारण सभा पूर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
१०. आ.व. २०८३/०८४ को साधारण सभा पूर्वको पेश्की बजेट सम्बन्धमा ।
११. विनियम २०५५ र आर्थिक तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा ।
१२. आ.व.२०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१३. नियमनकारी निकायको निर्देशनका सम्बन्धमा ।
१४. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
१५. संस्थाको आवश्यकता अनुसार घर घडेरी खरिद एवं बिक्री अख्तियारी सम्बन्धमा ।
१६. समितिको बैठक तथा अन्य सुबिधा निर्धारण सम्बन्धमा ।
१७. संचालक समिति र लेखा सुपरिवेक्षण समितीको निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१८. संस्था संचालनमा अग्रिम कार्यादेश सम्बन्धमा ।
१९. बिबिध ।

(**नोट:** २०८१ सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोरा छोरीहरुलाई पुरस्कृत गरिने हुदा मिति २०८२/०९/१५ गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा संस्थाद्वारा उत्पादित शुद्ध तोरीको तेल प्रति सदस्य २ लिटर प्रदान गरिनेछ ।)

इश्वर पण्डित
सचिव

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौडा-२, पल्पसा रोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना